


जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ •अंक २२६ • २०८० साल पुस २८ गते शनिबार (13 January, Saturday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।–

## छ महिना देखि बन्द सानो पाइलामा महानगरपालिकाको ताला

# जिबी राईलाई पक्राउ गर्न मागगर्दै वीरगन्जमा प्रदर्शन

**अनिल तिवारी**

वीरगन्ज । सहकारी संस्थाको रुपमा आर्थिक कारोबार गरेको वीरगन्जको आदर्शनगरमा अवस्थित सानो पाइला बचत तथा ऋण सहकारीका बचतकर्ताहरुले निक्षेप फिर्ताको मागगर्दै शुक्रवार प्रदर्शन गरेका छन ।

करिब डेढ सयभन्दा बढी बचतकर्ताको लगानी लिएर फरार भएको सानो पाइलाबाट रकम पाउनका लागी बचतकर्ताहरुले प्रर्दशन गरका हुन । बीरगञ्जका बचतकर्ताहरूको १ अर्ब भन्दा बढी रकम हिनामिना गरी फरार रहेका सानो पाइला बचतका सञ्चालक जिबी(गितेन्द्रकाबु) राईसहित संचालक र कर्मचारीहरुको पक्राउको मागगर्दै पिडित बचतकर्ताहरुले प्रदर्शन गरेका हुन ।

देशमा सहकारी संस्थाहरुले सर्वसाधारण बचतकर्ताको अर्बौ रुपैंया लिएर फरार भएको बेला साना पाइलाका बचतकर्ताहरु पनि आन्दोलित भएका छन् ।

अत्यधि चिसोको वेवास्तागर्दै वीरगन्जको टिबडेवाला धर्मशालामा भेला भएका पीडित बचतकर्ताहरुले विरोध जुलुश प्रदर्शन गरेका छन् । प्रदर्शनमा सहभागीहरुले सानो पाइलाका सञ्चालक जिबीलाई पक्राउ गरी कारबाही गर,बचतकर्ताको रकम फिर्ता गर,बचतकर्ताको रकम टिभीमा लगानी गर्न पाइदैन लगायतका नारासमेत लगाएका थिए । टिबडेवाला धर्मशालापरिसरबाट निस्किएको विरोध जुलुश नगरपरिक्रमा गरी घण्टाघर चोकमा पुगेर विरोधसभामा परिणत भएको थियो ।

> वीरगन्ज महानगरपालिकाको सहकारी, रोजगार तथा उद्यम प्रबर्द्धन शाखामा सानोपाइलाको विरुद्ध एक सय १५ भन्दा बढी लिखित उजुरी परेको छ । यस्तै जिल्ला प्रहरी कार्यालय पर्सामापनि ५२ वटा उजुरी परेको प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले बताएका छन् ।

विरोधसभामा बोल्दै सहकारी पिडित संघर्ष समितिका संयोजक सुशील अग्रवालले बचतकर्ताको रकम फिर्ता गराउन मुख्य सञ्चालक जिबी राईसहितकालाई अबिलम्ब पक्राउ गर्न सरकारसंग मागं गरे ।उनले आगामी माघ २ गते जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय पर्सामा ज्ञापनपत्र बुझाउने समेत बताए ।आर्थिक मन्दीको समयमा जनताको अर्बौ डुबेपनि जिल्लाका प्रतिनिधि सभा र प्रदेश सभा सदस्यहरुले खासै सहयोग नगरेकोमा दुख व्यक्त गरे । सहकारीका सञ्चालकहरुले आदर्शनगरका अधिकांश व्यवसायीहरुको रकम संकलन गरेको बताइएको छ ।बैंक तथा बित्तिय संस्थाहरुको भन्दा बढी ब्याज दिएर लोभ्याएका सहकारीका सञ्चालकहरुले रुपैया लिएर फरार भएको झण्डै ६ महिना बितिसकेको छ ।




मुख्य कार्यालय काठमाण्डुमा रहेको सहकारीका सञ्चालकहरुले वीरगञ्जको प्रमुख बजारमा शाखा खोलेर झण्डै ड्ेढ अर्ब रुपैया संकलन गरेको बताइएको छ ।काठमाण्डुबाटपनि सयौं बचतकर्ताको अर्बौ निक्षेप लिएर सञ्चालकहरु फरार भएका हुन् ।उनीहरुले ग्यालेक्सी ४ टीभीमा करोडौ रकम लगानी गरेको बताइन्छ ।हाल टीभीपनि बन्द हुने अवस्थामा रहेको छ ।

अर्को तर्फ लगभग ६महिना देखि बन्द रहेको सानो पाइलाको कार्यालयमा तालाबन्दी गरिएको छ ।वीरगन्जको आदर्शनगरस्थित उक्त सहकारीको शाखा कार्यालयमा बिहीबार वीरगन्ज महानगरपालिकाले छ महिना देखि बन्द रहेको सानो पाईलाको मुल ढोकासिल गरेको छ।।

महानगरपालिकाले उक्त सहकारीलाई पाँच महिना पूर्ब अर्थात गत भदौ ४ गतेमा नै समस्याग्रस्त सहकारी घोषणा गरेर त्यसका सञ्चालकहरुलाइ पक्राउ गर्न नेपाल प्रहरी लगायतका सम्बन्धित निकायमा पत्रचार गरेको थियो ।त्यसको आधारमा अदालतले सानो पाइला सहकारीका संस्थापक एंव संरक्षक जिबी राई, वर्तमान अध्यक्ष अनन्तबाबु राई, उपाध्यक्ष सुनीत श्रेष्ठ, सचिव देवेन्द्रबाबु राई, पूर्वसचिव तस्बिरन मियाँ, कोषाध्यक्ष कुमार लगायत १३ जनाविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो । तर अहिलेसम्म कोहि पनि पक्राउ परेका छैनन् ।

अदालतबाट पक्राउ पुर्जी जारी भएको महिनौ बितिसक्दापनि प्रहरीले सहकारीका पदाधिकारीहरुलाई पक्राउ गर्न चासो नलिएकोमा आर्थिक चलखेल भएको आरोप पिडीतहरुले लगाएका छन् ।

संघर्ष समितिका संयोजक अग्रवालका अनुसार उक्त सहकारीमा वीरगन्जका करिब ८ सय साना तथा ठूला व्यापारिक घरानाको करिब १ सय ३५ करोड रुपैयाँ बचत रहेको बताए ।

वीरगन्ज महानगरपालिकाको सहकारी, रोजगार तथा उद्यम प्रबर्द्धन शाखामा सानोपाइलाको विरुद्ध एक सय १५ भन्दा बढी लिखित उजुरी परेको छ । यस्तै जिल्ला प्रहरी कार्यालय पर्सामापनि ५२ वटा उजुरी परेको प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले बताएका छन् ।

ती सबै उजुरीमागरि उक्त सहकारीले १ अर्ब भन्दा बढी रकम हिनामिना गरी सदस्यहरुलाई फिर्ता नगरेको पिडित बचतकर्ताहरुले उल्लेख गरिएको वीरगन्ज महानगरपालिकाको सहकारी, रोजगार तथा उद्यम प्रबर्द्धन शाखाका प्रमुख सुनिल कर्णले बताएका छन् ।

काठमाण्डुको कालीमाटीमा केन्द्रिय कार्यालय भएको सानो पाइला सहकारीको वीरगन्जस्थित शाखा कार्यालयमा यसअघि गत असार १० गतेपनि बचतकर्ता सदस्यहरुले प्रदर्शन गर्दै धर्ना दिएका थिए ।

## आलमको मुद्दाको अन्तिम सुनुवाइ आइतवारदेखि

**टुडे समाचारदाता**

गौर । रौतहट जिल्ला अदालतले नेपाली कांग्रेसका नेता तथा पूर्वमन्त्री मोहम्मद अफताब आलमविरुद्धको मुद्दाको पेसी आइतवारलाई तोकेको छ । अदालतले आलम लगायतका ११ जनाविरुद्ध २०७६ साल कात्तिक १८ गते दायर भएको विस्फोटक पदार्थ बम समेतको प्रयोग गरी ज्यान मार्ने उद्योग तथा कर्तव्य ज्यान सम्बन्धी कसुरमा अन्तिम सुनुवाइका लागि पेसी तोकेको छ ।

मंसिर २४ गतेभित्रै वादी नेपाल सरकार र प्रतिवादी तर्फका कानुन व्यवसायीले बहस नोट बुझाएको भए पनि अदालतले सुनुवाइको मिति तोकेको थिएन । सर्वोच्च अदालतबाट समेत उक्त मुद्दामा चासो राख्दै मुद्दा छिटो टुङ्ग्याउन दबाब दिएपछि रौतहट जिल्ला अदालतले आगामी पुस २९ गते आइतबारका लागि पेसी तारेख दिएको छ ।आलम हाल थुनामा रहेका छन् ।









३०२औं पृथ्वी जयन्तीको अवसरमा पृथ्वी नारायण शाहको भेषभूषामा सजिएका एक युवक। *तस्वीर : टुडे*

# राष्ट्रियसभा निर्वाचनमा गठबन्धनको तयारी तीव्र

**टुडे समाचारदाता**

काठमाण्डु । सत्ता गठबन्धनले आगामी माघ ११ गते हुने राष्ट्रियसभा निर्वाचनको तयारी तीव्र परेको छ । गठबन्धनले केन्द्र, प्रदेश र जिल्ला गरी तीन तहमा राष्ट्रियसभा निर्वाचन समन्वय समिति बनाएर चुनावी रणनीति अगाडि बढाएको हो ।

फागुन २० मा राष्ट्रिय सभामा नेकपा एमालेका ९ (एक मनोनीतसहित), नेपाली कांग्रेसका ४, नेकपा माओवादीका ३, एकीकृत समाजवादीका २, जनता समाजवादी पार्टीका १ र स्वतन्त्र सांसद १ जना गरी २० सांसदको पदावधि सकिँदै छ।

राष्ट्रपतिबाट मनोनीत बाहेक १९ सिटमा गठबन्धन सम्बद्ध कांग्रेसका १०, माओवादी केन्द्रका ६, एकीकृत समाजवादीका २ र जसपाका एक उम्मेदवार चुनावी मैदानमा छन् । कांग्रेसले कोशी, मधेस, लुम्बिनी र कर्णालीमा एक-एक जना उम्मेदवार उठाएको छ भने बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशमा दुई-दुई जना उम्मेदवार खडा गरेको छ। यस्तै माओवादी केन्द्रबाट मधेश प्रदेश बाहेक ६ वटै प्रदेशमा एक-एक जनाको उम्मेदवारी परेको छ।

यस्तै एकीकृत समाजवादीले बागमती र कर्णालीको एक-एक सिटमा उम्मेदवारी दिँदा जसपाले मधेस प्रदेशको एक सिटमा उम्मेदवारी दिएको छ। सातै प्रदेशमा सत्ता गठबन्धनसँग राष्ट्रियसभा १९ सिटमा जित हात पार्न सुविधाजनक मतभार छ।

राष्ट्रियसभा निर्वाचनमा प्रदेश सांसद र पालिका प्रमुख-उपप्रमुख मतदाता रहन्छन्। सातै प्रदेशको मतभारको अंकगणित अनुसार गठबन्धनका उम्मेदवारको जित सुनिश्चित देखिएकाले आसन्न राष्ट्रियसभा निर्वाचनमा एमाले, राप्रपा, जनमत र नेमकिपाको राजनीतिक उपस्थिति मात्र देखिन्छ।

सत्ता गठबन्धनभन्दा बाहिरका दल एक ठाउँमा आउँदा पनि जित हात नपर्ने देखिएपछि एमाले, राप्रपा, जनमत र नेककिपा एक्लाएक्लै चुनावी मैदानमा छ । पुस २३ मा उम्मेदवारी दर्तापछि गठबन्धन बाहेकका दलको चुनावी गतिविधि शिथिल छ।

सत्ता गठबन्धनले केन्द्र, प्रदेश र जिल्ला तहमा राष्ट्रियसभा निर्वाचन समन्वय समिति गठन गरिसकेको छ।

गठबन्धनले पुस २५ मा गठित कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखक नेतृत्वमा राष्ट्रियसभा निर्वाचन केन्द्रीय समन्वय समिति गठन गरेको थियो।



लेखक नेतृत्वको राष्ट्रियसभा निर्वाचन केन्द्रीय समन्वय समितिमा माओवादीका उपमहासचिव वर्षमान पुन, एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डे र जसपा प्रवक्ता मनिष सुमन सदस्य रहेका छन्।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको रक्षाका लागि माघ ११ मा हुने राष्ट्रियसभाको १९ सिटमा सत्तापक्षीय गठबन्धनका उम्मेदवारलाई विजयी गराउन गठबन्धनले समन्वय समितिलाई कार्यभार देखिएको छ।

लेखक नेतृत्वको समन्वय समितिले पुस २५ मा ७ प्रदेश र ७७ वटै जिल्लामा राष्ट्रियसभा निर्वाचन समन्वय समिति बनाउने निर्णय गरेको थियो । केन्द्रीय समन्वय समितिका संयोजक लेखकका अनुसार सातै प्रदेशमा प्रदेशस्तरीय समन्वय समिति गठन भइसकेका छन्।

सबै प्रदेशमा राष्ट्रियसभामा मतदाता रहेका गठबन्धन सम्बद्ध पार्टीका प्रदेश सभापति तथा अध्यक्ष रहने गरी प्रदेश समन्वय समिति बनेको छ। प्रदेशसभा सदस्यहरूसँग समन्वय गर्न गठबन्धन सम्बद्ध कांग्रेस, माओवादी, एकीकृत समाजवादी र जसपा संसदीय दलका रहेको समिति पनि बनेको छ।

उनले भने, 'हामीले प्रदेश र जिल्ला समन्वय समिति बनाउँदा गठबन्धन सम्बद्ध पार्टीका नेतृत्वहरुबाट संयोजक चयन गर्न भनेका थियौं ।' सबै प्रदेश र जिल्लामा कांग्रेसको ज्यादा मत भएकाले कांग्रेसबाटै संयोजक बनाइएको उनको बुझाइ छ।

लेखकका अनुसार शनिबार बिहान ९ बजे राष्ट्रियसभा निर्वाचन केन्द्रीय समन्वय समितिको बैठक बस्दै छ। भोलि बस्ने बैठकले राष्ट्रियसभा निर्वाचन प्रदेश र जिल्ला समन्वय समितिलाई कार्यदेश (टीओआर) पठाउने छ।

'विभिन्न ठाउँमा राष्ट्रियसभा निर्वाचन समन्वय समिति बनेको खबर आइरहेका छन् । सातै प्रदेशमा राष्ट्रियसभा निर्वाचन समन्वय समिति बनिसकेको छ । विभिन्न ठाउँमा कार्यक्रम पनि तय गरिएको छ,' उनी भन्छन्।

राष्ट्रियसभा निर्वाचन प्रदेश र जिल्ला समन्वय समितिलाई दिने टिओआर पनि तयार भइसकेको छ । समन्वय समितिले गठबन्धनका सबै मतदातालाई एकीकृत गर्ने र मतदाताको विवरण अद्यावधि गर्ने काम गर्ने लेखकले बताए। 'कुनै मतदाता बिरामी छकी, कोही देशबाहिर गएको छकी, कोही मान्छे घरायसी समस्याले मतदानमा उपस्थिति हुन गाह्रो छकी । त्यसको जनाकारी लिने काम हुन्छ,' उनले भने।

मतादातालाई भेला गरेर गठबन्धनका उम्मेदवारसँग परिचय तथा अन्तरक्रिया गराउने तयारी छ । लेखकका अनुसार मतदानको एक–दुई दिन पहिलादेखि मतदाताको व्यवस्थापन, मतदानमा सहजीकरण र मतगणनाको काम प्रदेशले गर्नेछ।

'मतदानको एक दिन पहिले नै प्रदेश राजधानीस्थित मतदान केन्द्रमा मतदातालाई पुग्नका लागि सहजीकरण गर्छौं । शान्तिपूर्वक मतदान गराउने कुरामा सहयोग रहन्छ। कुनै मतदातालाई मतदान गर्न आउँदा बाटोमा समस्या आइपरेको खण्डमा त्यसको जानकारी लिएर सहजीकरण गर्न भन्छौं,' उनले भने, 'मतदातालाई मतदान गराउन सहजीकरण गर्ने काम हुन्छ।'

मतदानपछि मतगणनाका लागि प्रतिनिधि तोक्ने काम प्रदेश समन्वय समितिले गर्ने छ । समन्वय समितिले मतदाताका लागि खाना र आवासको व्यवस्था भने आफै गर्नुपर्ने छ। 'मतदाता सबै नेताहरु छन्। प्रदेश सांसदको त प्रदेश राजधानीमा कसैको घर होला, कसैको डेरा होला। संसद् चल्दा उहाँहरु त्यही बस्ने हो। खाना र आवासका लागि प्रदेश सदस्यको केही कुरा भएन,' उनले भने।

पालिकाका प्रमुख–उपप्रमुखले खाना र आवासको व्यवस्था आफै गर्नुपर्ने छ । 'प्रायः उहाँहरुसँग पनि आ–आफ्ना गाडी छन् । पालिका प्रमुख–उपप्रमुखले आफ्नो वासस्थानको व्यवस्था गर्न सक्छन्,' उनी भन्छन्, 'बस्ने ठाउँ बुक गरेर सहजीकरण गर्ने काम प्रदेश समन्वय समितिले गर्छ।'

निर्वाचनको प्रचार-प्रसार, मतदाता भेला गरी गठबन्धनका उम्मेदवारलाई भेटघाट र अन्तर्क्रिया गराउने काम जिल्ला समन्वय समितिले गर्ने उनको भनाइ छ । मतदातासँगको अन्तरक्रियाका लागि गठबन्धनका उम्मेदवारहरु जिल्ला–जिल्लामा जाने लेखकले बताए।

# अबैध उत्खनन् गर्ने टिपर प्रहरीको नियन्त्रणमा

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी बर्दिबासमा अबैधरुपमा ढुंगा, बालुवा, ग्रेभललगायतका सामग्रीहरु उत्खनन् गरिरहेको अवस्थामा नौ वटा टिपर महोत्तरी प्रहरीले नियन्त्रणमा लिएको छ।

बर्दिबास नगरपालिका वडा नम्बर ४ स्थित जंगहा खोलाबाट अबैधरुपमा ढुंगा, गिट्टी, बालुवा, ग्रेबल, माटोजस्ता उत्खनन् पदार्थ ढुवानी बिक्री कार्य नियमअनुसार तोकिएको समयमा नगरी लुकिछिपी चोरी निकासी गरिरहेको अवस्थामा नौ वटा टिपरसहित नियन्त्रणमा लिएको महोत्तरीका प्रहरी निरीक्षक लोककृष्ण दाहालले जानकारी दिए। बिहान ७ बजेदेखि बेलुका ६ बजे सम्म हुनु पर्नेमा अन्दाजी ८ बजेको समयमा उत्खनन् गरी लोड गरेर ल्याउँदै गर्दा अस्थायी प्रहरी पोस्ट माईस्थान महोत्तरीबाट खटिएको प्रहरी टोलीले नौ वटा टिपर नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि बर्दिबास नगरपालिकामा पठाइएको उनले बताए।

# अत्यधिक चिसोले मधेशको जनजीवन कष्टकर बन्दै

**टुडे समाचारदाता**

जनकपुरधाम । बाक्लो कुहिरो र शितलहरले मधेश प्रदेशको जनजीवन कष्टकर हुदै गएको छ।



बाक्लो हुस्सु, शितलहरसँगै चलेको हावाले तापक्रम निकै तल झेर चिसो अत्यधिक बढेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार अहिले जनकपुरधामको तापक्रम २० डिग्रि सेलसिएस रहेको छ । चिसो कारण बजारमा सर्वसधारणको चलहपहल घटेको छ भने दैनिक कार्य समेत प्रभावित भएको छ। पश्चिमबाट चल्ने चिसो हावाले गरिव, विपन्न तथा खुल्ला अकाशमुनिका गर्नेहरु मजदुर हरुले कठयाङ्ग्रिएको चिसो महुस गरिरहेका छन्।

बाक्लो हुस्सुले कारण जनकपुरधाम- काठमाण्डौ हवाई सेवा समेत प्रभावित हुदै आएको छ। समान्य दिनमा दैनिक ७ पटक जनकपुर- काठमाण्डौ हवाई सेवा उडान हुदै आएकोमा अहिले दुई पटक सम्म मात्रै उडान हुने गरेको छ। विहान र साँझमा हुस्सु लाग्ने गरेकोले भिजिवलिटि कम भई हवाई सेवा अवरुद्ध हुने गरेको जनकपुर विमानस्थलको टावर इन्चार्ज भिम दत्त पन्तले जानकारी दिए।

हवाई उडानको लागि कम्तिमा १७ सय मिटर भिज्विलिटि आवश्यक हुन्छ उनले भने,' अहिले हाम्रो जनकपुर एयरपोर्टको कुनै वेला भिज्विलिटि ठिक हुन्छ, कुनै वेला निकै कम हुन्छ, त्यसकारण उडानको समय पनि फिक्स हुदैन।'

त्यसैगरि, चिसोको कारण जनकपुरबाट चल्ने लामो तथा सानो रुटका सार्वजनिक यतायात सेवा पनि प्रभावित भएको छ। चिसोको कारण यात्रुहरुको संख्यामा व्यापक कमि आएको छ।

यसैगरी, चिसो बढेका कारणले विभिन्न अस्पतालहरूमा उपचारका लागि आउने बिरामीको संख्यामा वृद्धि भएको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत रहेका प्रादेशिक अस्पतालका जनकपुरधामका निर्देशक डा.रामनरेश पण्डितले बताए । उनले अस्पतालमा निमुनिया, दम्म फुल्ने, टाउँको दुख्ने लगायतका विरामीको संख्या बढेको बताए । समान्य दिनभन्दा अहिले दम्म फुल्ने, टाउँ दुख्ने, निमुनियाले ग्रस्ति विरामीको संख्यामा बढेको उनले बताए।

# नागरिक उन्मुक्ति पार्टीको अध्यक्षमा रेशम चौधरी सर्वसम्मत

**टुडे समाचारदाता**

काठमाण्डु । नागरिक उन्मुक्ति पार्टीको अध्यक्षमा रेशम चौधरी सर्वसम्मत चयन भएका छन्।

कैलालीको टीकापुरमा भएको पार्टीको पहिलो महाधिवेशनले चौधरीलाई अध्यक्षमा चयन गरेको हो।

यद्यपी निर्वाचन समितिले औपचारिक घोषणा गर्न बाँकी छ। अध्यक्षमा चौधरीको मात्रै उम्मेदवारी परेको थियो। निर्विरोध भए दिउँसो १ बजेसम्म अध्यक्ष घोषणा गर्ने कार्यतालिका थियो।

उक्त समयभित्र चौधरीको मात्रै उम्मेदवारी परेकोले सर्वसम्मत अध्यक्ष चयन भएको पार्टीका सुदूरपश्चिम संसदीय दलका नेता घनश्याम चौधरीले जानकारी दिए।

रोशन थापा प्रस्तावक र सानु शाक्य समर्थक रहेर चौधरीले अध्यक्षमा उम्मेदवारी दिएका थिए।

त्यस्तै वरिष्ठ उपाध्यक्षमा दामोदर पण्डित निर्विरोध निर्वाचित भएका छन् भने कोषाध्यक्षमा टीकालक्ष्मी चौधरी चयन भएकी छन्। अन्य पदमा एकभन्दा बढी उम्मेदवार परेकोले सहमतिको प्रयास भइरहेको छ।

'अध्यक्ष, वरिष्ठ उपाध्यक्ष र कोषाध्यक्ष सर्वसम्मत चयन गरियो,' निवर्तमान महासचिव रतन थापाले सेतोपाटीसँग भने, 'अरू पदहरूमा सहमतिको प्रयास जारी छ, सहमति निर्वाचनबाट टुंगो लगाइनेछ।'

अध्यक्ष भएका चौधरी यसअघि पार्टीको संरक्षक थिए। पार्टी अध्यक्षमा उनकी पत्नीसमेत रहेकी रञ्जिता श्रेष्ठ चौधरी थिइन्। रञ्जिता अहिले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री छिन्।

नागरिक उन्मुक्तिले एक व्यक्ति एक पद लागू गर्ने बताएको थियो।

टीकापुर घटनापछि केही वर्ष चौधरी भूमिगत थिए। उनी राजपाबाट २०७४ को चुनावमा कैलाली क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभा सदस्य निर्वाचित भएका थिए।

# राष्ट्रनिर्माता पृथ्वीनारायण शाहलाई राजनीतिभन्दा माथि राख्नुपर्छः रवि लामिछाने

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको सम्मान गर्न कन्जुस्याँई गर्न नहुने बताएका छन्।

राष्ट्रिय प्रजातन्त्र पार्टीले काठमाडौंमा पृथ्वी जयन्तीका अवसरमा गरेको जलपानमा पत्रकारहरूसँग कुराकानी गर्दै लामिछानेले राष्ट्रनिर्माता प्रतिको सम्मान सबैले गर्नुपर्ने बताए।

पृथ्वीनारायण शाहलाई राजावादीले आफ्नो मात्रै हुन् भन्ने सोच्नु नहुने र गणतन्त्रवादीले हाम्रो होइन भन्ने सोच्नु नहुने उनले बताए। राष्ट्रनिर्मातालाई सबैको साझा बनाउने काममा लाग्नुपर्ने उनले बताए।

'त्यतिबेलाको बाइसे, चौबिसे राज्यहरुको अवस्था र त्यो इतिहासको चुनौतिलाई कुशलतापूर्वक सम्पन्न गरी देशलाई एक ढिक्का बनाइ नेपाल भनेर गौरव गर्न सक्ने राष्ट्रनिर्माता प्रतिको सम्मान गर्न कसैले पनि कन्जुस्याँई गर्नु हुँदैन,' उनले भने, 'राजावादीले हाम्रो मात्रै पेवा हो भन्न पनि भएन, गणतन्त्रवादीले हाम्रो होइन भन्नुभएन। सबैको साझा बनाउने काममा लाग्नुपर्छ। राष्ट्र निर्मातालाई राजनीतिभन्दा माथि राख्नुपर्छ।'

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८०/०८/१७ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : प्रिती कुमारी मण्डल**
**सिम्बोल नं.: ३१७००७२३**
**रजिष्ट्रेशन नं.: ७७१७२४०८२**
**ठेगाना:जि.ध. कमला न.पा.– १, मंग्राहा**
**मो.नं. ९८२६९३०५४४**

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| बृष | : पारिवाहिक सुख। |
| मिथून | : धन वृद्धि सञ्चय। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : सुख समृद्धि हुने। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : अवसर प्राप्त। |
| बृश्चिक | : वाद विवादबाट बच्नु। |
| धनु | : पुरस्कार प्राप्त लाभ। |
| मकर | : नयाँ कार्य हुने। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



शहीद पत्रकार उमा सिंहको १५ औं पुन्यतिथिको अवसरमा नेपाल पत्रकार महासंघ धनुषा शाखाले आयोजना गरेको स्मृति दिवस । तस्विर : टुडे

# प्रदेश सरकारले स्वाभिमान र बलिदानी दिवस मनाउने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले माघ ३ गते स्वाभिमान दिवस र माघ ५ गते बलिदानी दिवस मनाउने निर्णय गरेको छ ।

माघ ३ गते स्वाभिमान दिवस र बलिदानी दिवस माघ ५ गते मनाउने निर्णय मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को बैठकबाट गरेको छ ।

२०७८ माघ ३ मा गतेकै दिन तत्कालीन 'प्रदेश नं. २' को नाम मधेश प्रदेश नामकरण र स्थायी राजधानी जनकपुरधाम प्रदेशसभा बैठकबाट पारित भएको थियो ।

सो दिनको स्मरणमा स्वाभिमान दिवस मानउने निर्णय भएको मधेश प्रदेश सरकारका प्रवक्ता समेत रहेका गृह सञ्चार तथा कानुन मन्त्री मोहम्मद समिमले जानकारी दिए । त्यस्तै माघ ५ गते बलिदानी दिवस मनाउने निर्णयसमेत गरेको छ ।

बलिदानी दिवसको अवसरमा मधेश आन्दोलनका शहीद परिवार तथा घाइतेलाई आर्थिक सहयोग गर्ने निर्णय भएको उनले बताए ।

# महोत्तरीमा लाखौंको धनमाल लुटपाट

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको दक्षिणवर्ती मनरा सिसवा नगरपालिका-७ भिङ्गाथान पछबारी टोलबाट लाखौंको धनमाल लुटपाट भएको छ । लुटेरा समूहको कुटपिटबाट घरका दुईजना महिला घाइते भएका छन् ।

बिहीबार राति घरेलु हतियारसहित पाँच जनाको संख्यामा आएका नकाबधारी समूहले बैजु साहको घरमा लुटपाट गरको छ । समूहले घरका दुई जना महिला र चार जना केटाकेटीलाई कोठाभित्र थुनेर लुटपाट गरेको पीडितका नातेदार रैजु साहले बताए । आठ/नौ तोला बराबरका सुन चाँदीका गहना, नगद ५० हजार गरी करिब १० लाखभन्दा बढीको धनमाल लुटेको पीडितले जनाएका छन् ।



परिवारका तीन दाजुभाइ लामो समयदेखि वैदेशिक रोजगारीका लागि खाडी मुलुकमा गएकाले महिला र नाबालक मात्र रहेको मौका पारी लुटपाट गरेको पीडित परिवारले बताए ।

हिन्दी भाषा बोल्ने लुटेरा समूहको कुरा गराइले उनीहरु निकटवर्ती गाउँकै बासिन्दा हुन सक्ने पीडित परिवारको अनुमान छ । मनरा सिसवाका नगरप्रमुख मोहन पाण्डेले राति घटेको लुटपाटको घटनाले नगर क्षेत्रको सुरक्षामा प्रश्न खडा गरेको बताए ।

जिल्ला प्रहरी अपराध अनुसन्धान शाखाका प्रहरी निरीक्षक लोककृष्ण दाहालले घटनास्थलमा प्रहरी परिचालन गरी अनुसन्धान भइरहेको बताए ।

# लत्ताकपडा बरामद

**टुडे समाचारदाता**

वीरगन्ज । जिल्ला प्रहरी कार्यालय बाराले १ लाख ८७ हजार मूल्य बराबरको भन्सार छलीका कपडा बरामद गरेको छ ।

विशेष सूचनाको आधारमा सिम्रौनगढबाट खटिएको प्रहरी टोलीले गरेको छड्के जाँचमा भारतबाट ल्याउँदै गरेको लत्ताकपडाहरू बरामद गरिएको बारा प्रहरी प्रवक्ता दधिराम न्यौपानेले जनाए ।

उनका अनुसार सिम्रौनगढबाट कपडा बरामद गरिएको हो । बारा प्रहरीले ८ थान ब्लाङ्केट, कपडाको थान ३, लेडिज सुट ३२ पिस, सुती साडी २६ पिस, पाइन्टको कपडा १३ थान र उनी चेक कपडा १ थान पक्राउ गरेको हो ।

बरामद भन्सार छलीका लत्ताकपडाहरू आवश्यक कारबाहीको सम्बन्धित निकायमा पठाइएको बारा प्रहरीले जनाएको छ ।

# बीआरआई ऋणजालबाट बच्न अभियानको माग

**टुडे समाचारदाता**

राजविराज । राष्ट्रिय एकता अभियानले सप्तरीको राजबिराजमा राष्ट्रिय स्वाधीनता, बीआरआई पोखरा अन्तर्राष्ट्रिय बिमानस्थल' बिषयक एक संवाद कार्यक्रमको आयोजना गरेको छ ।

नेपाली काङ्ग्रेसका जिल्ला उपसभापति रामकुमार यादवको अध्यक्षतामा प्रमुख अतिथि अभियानमा केन्द्रीय संयोजक विनय यादव रहेका थिए । कार्यक्रममा विशिष्ठ अतिथिका रुपमा अभियानका वरिष्ठ नेता तथा सभासद बीपी यादव रहेका थिए भने वक्ताहरूमा कृष्ण नन्द रजक, इंजिनियर इंद्र नारायण देव, डा' शिव शंकर यादव, समाजसेवी शंकर सारदा, सामुदायिक प्रहरी सेवा केंद्रका हितनारायण लाल दास, दिनेश प्रसाद सिंह, अधिवक्ता साधना कर्ण, जसपा की आशा साह, तरुण दलका सीता प्रसाद यादव, इंजिनियर जगदीश मेहता, अध्यापक वरुण कुमार कर्ण, नगरपालिका सदस्य राजबीराज की ललिता कर्ण, सोनी रजकलगायतले आपनो मनत्वय राखेका थिए।कार्यक्रमको संचालन अभियानका जिल्ला अध्यक्ष पार्थो सरकारले गरेका थिए।



कार्यक्रममा राष्ट्रिय स्वाधीनताको महत्व, देशको आर्थिक दुर्गतीमा बीआरआई ऋणजालको भूमिका र पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलको व्ययभारबाट हुने आर्थिक नोक्सानका विस्तृत छलफल भएको जनाइएको छ । प्रमुख अतिथि विनय यादवले राष्ट्रिय एकता र विकासमा चीनबाट नेपालको राष्ट्रिय स्वतन्त्रताको रक्षा गर्न आवश्यक रहेको बताए । उनले पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलको लागि उपलब्ध गराईएको ऋण भोली नेपालको सार्वभौमसतालाई चुनौती दिए खतरा औल्याए ।

यादवको भनाइमा समर्थन गर्दै अन्य बक्ताहरूले राष्ट्रिय एकता, विकास र समृद्धिका लागि नेपालले चीनसंगको बिआरआई सम्झौता खारेज गर्नुपर्नेमा सह्मती जनाए ।

# ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण

**टुडे समाचारदाता**

जलेश्वर । शीतलहरको प्रकोप बढ्दै गएपछि बर्दिबासका ज्येष्ठ नागरिक तथा वञ्चितिकरणमा परेका समुदायलाई न्यानो कपडा वितरण गरिएको छ । गौशाला नगरपालिका-९ ले वडाका ४४३ जना ज्येष्ठ नागरिक, दलित, अपाङ्ग तथा एकल महिलालाई सिरक वितरणसहित न्यानो सम्मान गरेको वडाध्यक्ष बद्रिप्रसाद सिंह दनुवारले बताए ।



वडा ९ को विषहरपुर गाँउस्थित वडा कार्यालयमा शुक्रबार आयोजित कार्यक्रममा ज्येष्ठ तथा विपन्न समुदायलाई सम्मान गर्नुका साथै वडाध्यक्ष दनुवारले डवल साइजको सिरक वितरण गरेका छन् । महोत्तरीका दक्षिणवर्ति भेगमा साता दिनदेखि चलेको शीतलहरबाट विपन्न समुदाय प्रभावित हुँदै आएपनि संस्थागत रुपमा न्यानो कपडा वितरण गर्ने गौशालाको ९ नं वडा पहिलो छ ।

वडा सचिव उमाकान्त महतोले वडाको बजेटबाट कट्टा हुनेगरि प्रति सिरक एक हजार ५० रुपैयाँको दरले ४ लाख ६५ हजार मूल्यबराबरको फाइवर सिरक वितरण गरेको जनाए ।

सिरक पाएपछि शीतलहरबाट जोगिन राहत मिलेको गरिबी तथा विपन्न समुदायले जनाएका छन् । वडा नं ९ विषहरपुरका ७३ वर्षीय देवकरण सिंहले ५ जना नातिनातिनासहित ९ जनाको परिवारलाई जाडो अभिशाप बनेको बताए । गरिबीका कारण आलोपालो परालको गुन्द्री ओढेर रात बिताउनु परेको उनले पीडा सुनाए ।

"वडाले दुई चारजना ढाक्ने सीरक दिएपछि यसपालाको जाडोमा ज्यान जोगिने आशा पलाएको छ," उनले भने । वडाका विपन्न तथा वञ्चित समुदायको शिक्षा र स्वास्थ उपचारमासमेत वडा तहबाट योजनावद्ध ढङ्गमा सेवा दिँदै आएको वडाध्यक्ष सिंहले बताए ।

# पृथ्वीनारायण शाहले दिएको सन्देश अनुशरण गर्न आग्रह





**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको ३०२ औं जन्मजयन्ती एवं एकता दिवस जनकपुरधाममा विभिन्न कार्यक्रम गरी मनाइएको छ । नेपाल राष्ट्रवादी नागरिक समाज धनुषाले विभिन्न कार्यक्रम गरी पृथ्वी जयन्ती मनाएको छ ।

पृथ्वी जयन्ती एवं एकता दिवसको अवसर पारेर नेपाल राष्ट्रवादी नागरिक समाज धनुषाले रैली निकाल्दै नगर परिक्रमा गरेको छ । जनकपुरधामस्थित भानु चोकबाट निस्केको रैली नगरको विभिन्न भागको परिक्रमा गर्दै जनक चोकमा पुगेर कोणसभामा परिणत भएको थियो ।

कोणसभामा बोल्दै राजावादी किशोरी महतोले कुनै पनि स्वार्थमा लागेर राष्ट्रिय एकता कमजोर हुनु हुँदैन सन्देश पृथ्वीनारायण शाहले दिएको उनको सन्देश पालन गर्न तर्फ सम्पूर्ण नेपाली एकजुट हुनुपर्ने बताए । देशमा राष्ट्रिय एकता कायम गर्नका लागि राजतन्त्र आवश्यक रहेको उनको भनाई थियो ।

नेपाल राष्ट्रवादी नागरिक समाज धनुषाका अध्यक्ष प्रकाशजंग राणाले सरकारले पृथ्वी जयन्तीको अवसरमा फेरी विदा दिन शुरु गरेकोमा खुशी व्यक्त गरे ।

# आठौं वार्षिक साधारण सभा सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु । गरिमा क्यापिटल लिमिटेडले मिति २०८० पौष २५ गतेबुधबार आठौं वार्षिक साधारण सभा सम्पन्न गरेको छ । साधारण सभाले आ.व. २०७९।८० को वार्षिक प्रतिबेदनपारित गरी आ.व. २०८०।८१ को लागि लेखापरीक्षकको नियुक्तिलगायतका जिज्ञासाहरुको अध्यक्ष दिपक पाण्डेयएवं प्रमुख कार्यकारी अधिकृत निर्मल भट्टराईले स्पष्ट पारेका थिए ।

गरिमा क्यापिटल लिमिटेड नेपाल धितोपत्र बोर्डबाट अनुमति पत्रप्राप्त मर्चेन्ट बैंकर हो । यस संस्थाले हाल लगानी व्यवस्थापन सेवा (Portfolio Management Services – PMS) तथा निक्षेप सदस्य (Depository Participant (डिम्याट तथा मेरोशेयर खाता सम्बन्धी) सेवाप्रवाहगर्दै आएकोमा निकट भविष्यमा नै कोष सुपरिवेक्षक र कोष प्रवर्द्धकको प्रचलित कानुन बमोजिम आवश्यक स्वीकृतिलिई गरिमा म्युचुअल फण्ड अन्तर्गत विभिन्न बन्द मुखी तथा खुल्ला मुखी योजनाहरु क्रमशःदर्ता तथा सञ्चालनगर्दै अगाडि बढ्ने जानकारी समेत गराएको छ ।

गरिमा क्यापिटल लिमिटेडका सम्पूर्ण सेवाहरु ग्राहक समक्ष पुर्‍याउन गरिमा विकास बैंक





प्रस्तावहरु पारित गरेको छ ।

क्यापिटलका सञ्चालक समितिकाअध्यक्षश्रीदिपक पाण्डेयज्यूको अध्यक्षतामा सम्पन्न आठौं वीर्षक साधारण सभामाआ.व. २०७९/८० को वार्षिकप्रतिवेदन उपर सहभागी शेयरधनीहरुले राखेका

लिमिटेडका सम्पूर्ण शाखा कार्यालयहरुबाट सहजिकरण हुँदै आएको छ । यस संस्थाले आफ्ना सेवाहरु अझ परिस्कृत र ग्राहकमैत्रीतवरबाट प्रवाह गर्नको निमित्त विभिन्न नविनतम प्रविधिहरुको प्रयोग गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

# सहारा पञ्चकन्या सहकारीको १४ औं साधारणसभा सम्पन्न

**टुडे समाचारदाता**

मलंगवा । सहारा पञ्चकन्या बचत तथा ऋण सहकारी संस्थाले आफ्नो १४ औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ ।

सर्लाही जिल्लाको सदरमुकाम मलंगवा नगरपालिका वडा न-१० मा मुख्य कार्यालय रहेको संस्थाले सोही वडा स्थित जानकी पार्टी प्यालेसमा साधारणसभा सम्पन्न गरेको छ ।

संस्थाका अध्यक्ष देवेन्द्र कुमार रायको अध्यक्षतामा भएको कार्यक्रममा मधेश प्रदेश सांसद जंगिलाल रायको प्रमुख आतिथ्य रहेको थियो । संस्थाका मुख्य प्रबन्धक एवं कार्यक्रम संयोजक सतिश चन्द्र बर्माले स्वागत मन्तव्य राखेको कार्यक्रममा विशिष्ट अतिथि कबिलासी नगरपालिका नगरप्रमुख ब्रम्हदेव राय, पूर्व जिल्ला



समन्वय समिति सर्लाहीका प्रमुख मेथुर चौधरी, नेता रामबली राय, डिभिजन सहकारीका भूतपूर्व प्रबन्धक सुरेन्द्र लाल कर्ण, संस्थाकी लेखा संयोजक रम्भादेवी झा, संस्थाका संस्थापक पूर्व मुख्य प्रबन्धक दिनेश यादव, मलंगवा जेसिज २०२४ का अध्यक्ष दिलिप कुमार झा, संचालक समितिका सदस्यहरु, कर्मचारीहरु, बचतकर्ता, ऋणी तथा पत्रकारहरु लगायतको उपस्थिति रहेको थियो ।

३७ जना सेयर सदस्यबाट सुरु गरी आ.व २०७९/०८० सम्ममा ८११ जना शेयर सदस्य पुर्‍याएको संस्थाको शेयरपूँजी ८४ लाख ६९ हजार २ सय ९९ रुपैयाँ रहेको संस्थाका अध्यक्ष रायले प्रस्तुत गरेको प्रतिबेदनमा उल्लेख गरिएको छ । अध्यक्षको प्रतिवेदन अनुसार कोभिड, आर्थिक मन्दी र पछिल्लो समय सहकारीहरु प्रति घटेको जनविश्वासका कारण संस्थाले गत आ.व को तुलनामा घटेर यस आ.व मा ८१ हजार ९ सय ९९ रुपैयाँ २८ पैसा आम्दानी गरेको छ।

सोही कार्यक्रमका बीच संस्थाले आफ्ना असल ऋणी, असल बचतकर्ता, उत्कृष्ट बजार प्रतिनिधीहरु लाई कदरपत्र र पुरस्कार प्रदान गरेर सम्मानित गरेका थिए ।

# पल्सरको माइलेज नाप्ने प्रतियोगिता

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधामको बाह्रबिघ्घा मैदानमा पल्सर बाइक माइलेज प्रतियोगिता गर्ने भएको छ। पल्सर बाइकको निर्माता हँसराज हुलास चन्दको आयोजना तथा जनकपुरधाम स्थित विक्रेता ओम ट्रेडिङ्गको सहजिकरणमा शनिवार हुने बाजाज माइलेज च्याम्पियन प्रतियोगितामा प्रतियोगिलाई नयाँ १ सय २५ सिसीको पल्सर बाइकमा १ सय एमएल पेट्रोल दिइनेछ ।

सो पेट्रोलमा सबै भन्दा बढि बाइक गुडाउने क्रमश प्रथम, द्वितिय र तितृय प्रतियोगिहरुलाई शिल्ड नगद सहित पुरस्कृत गरिने ओम ट्रेडिङ्गका सन्तोष साहले बताए । विहान १० देखि वेलुकी ३ बजे सम्म हुने प्रतियोगितामा ५० देखि एक सय जना सहभागि हुने उनले बताए । सो जानकारीका लागि आयोजित पत्रकार सम्मेलनमा हँन्सराज हुलासचन्दका मार्केटिङ्ग र सेल्स अफिसर क्रमश राजेश पोखरेल र जोशन विष्टको उपस्थिती थियो ।



# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## “पत्रकार बैनती”

हमहू पत्रकारे बैनती
दिनभर खुब कमैती
राईतमे होटल बाजी कैरती
गाडी पर प्रेश लिख का लोक के थरकैती
हमहू पत्रकार बैनती...॥१॥
चौक चौक मे भाषण दिति
मुह देख मुंड्गबा परैसती
तरे-तरे डिल कैरती
ककरो नै जान दिती
हमहू पत्रकार बैनती...॥२॥
ढेउवा बाला सबसे हात मिलैती
कमिशन के चक्कर मे चरित्र गुमैती
समय समय पर हप्ता उठैती
दुई चार पैसा लठैतो मे बैडती
हमहू पत्रकार बैनती...॥३॥



**लेखकः उज्ज्वल झा**
**अस्थायी आवासः जनकपुरधाम ४**
**स्थायी आवासः महोत्तरी**
**शिक्षाः स्नातक दोस्रो बर्ष जारी**

## ॥ आँनै जिन्दगी ॥

उमेर बढदै गयो ,जिम्मेवारी बढदै गयो
तर आफ्नै सपनाहरू घटदै गयो
मन भित्र बनाएको सपनाहरू को महल
भित्रै भित्रै झर्दै गयो
सुर्य भएर उदाएको आमा बुबा को
प्यारो छोरा सहर को भिडमा
अस्ताउदै गयो
धन कमाउने लालचमा जवानी गयो
फेरि बुढो शरीर लिएर नै गाउँ गयो ।



**लेखक राजिब कुमार पासवान**
**जनकपुरधाम ४**

## ॥ यो देश नेपाल छैन ॥

दिने जबाब छैन कुनै सोधिने सवाल छैन ।
मानवता बुझ्ने हाल युग समय काल छैन ॥
पहिले सत्यनिष्ठ भएर सत्यमार्गमा हिड्थे ।
अहिले नेताको हिडाइमा सोझो चाल छैन ॥
पहिला सुख शान्ति र सौन्दर्यले पूर्ण थियो ।
अहिले त्यस्तो तराई पहाड र हिमाल छैन ॥
मादल बज्दै डाँफे नाच्थ्यो कोइली गाउथ्यो ।
अहिले मादलको बजाइमा सुर ताल छैन ॥
हाम्रो पूर्वजले जस्तो देश बनाएको थियो ।
मलाई लाग्छ त्यस्तो 'यो देश नेपाल छैन' ॥



**लेखकः- राम 'रुद्राक्ष' मण्डल**
**ठेगानाः- लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा**
**धनुषा, नेपाल ।**

## ॥ गजल ॥

मित्रताके हाथ कनिक, नरम हेबाक चाहिँ
आपतिमे हाथ कनिक, गरम हेबाक चाहिँ

पापी मन मात्र पाप, सोंचिते रहिजायत छै
पापियोमे कहियो काल, धरम हेबाक चाहिँ

असल मित्रकें मात्र गपेटा नै, व्यबहार आ
दुःखमे सहयोगी सन , करम हेबाक चाहिँ

दु गो आत्माकें मित्रतामे,भरत सन भाइ आ
प्रभु ! रामचन्द्र जेहन , चरण हेबाक चाहिँ

धनेश्वरकें इ हाथ अछि अगा, मित्रता लेल
बस अहाँमें नै कनिको ,भरम हेबाक चाहिँ



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार**
**दोहा कतार**

## ॥ सहर ॥

सुन मेरा बैनी, सुन मेरा भाई ।
सहरका कुरा भन्छु आज सबलाई॥
कतै छ खाल्ता खुल्डी ,कतै छ राम्रा बातो ।
चल्नु पर्छ ध्यान पुर्याई नत्र घटै घटो ॥
कटै छन ठुला ठुला महल कटै झुप्राझुपडी ।
मानिसहरू बसेका हुन्छ ,यहाँ एकै ठाउँमा थुप्री ॥
कतै छन पानी फालमफाल पोखरी र पताल ।
कतै पानी नपाएर मानिसहरु बेहाल ॥
अस्पताल स्कुल कलेज पसल छन यहाँ कति कति ।
पैसा भए किनन पाइने समान भने जति जति ॥
बातामा गुडेका छन गाडी थरी थरीको ।
धुवा धुलो फलेको छन सहर वारिपारीको ॥
यहाँ छन मन्दिर अनेको , जातपात धर्मबात बनेको ।
गाउलेहरू पनि सहरमा रमेको , गाउँ पनि सहर बनेको ॥
अति भयो फोहर अन्तय गरौ भनेको



**लेखकः- अनित कुमार मण्डल**
**जनकपुर (लोहना-१५)**

## ॥ असल भविष्य को चाहना ॥

परिवार को खुसी को कामना
भगवान् सङ्ग मनौंछु।
कोशीस मेरो जारी छ,
एक दिन अवस्य सफलता पाउछु।
न मेरो मेहनत मा छ
कमी न त छ भाग्य मा दोष
समय, पेरिस्थीति छ खराब
यही हो मेरो पछिलो जन्म को सराप ॥
कहिले अध्यारो त
कहिले उज्यालो को प्रकाश
बारम्बार असफल भा छु
तर पनि सफल हुने आश छ।
आफन्त र छिमेकि हरु अगाडि मा
राम्रो भनी पछाडि मा कुरा काट छ,
तर केहि छैन आफ्नो मेहनत र
भाग्य अहिले पनि विस्वास छ।



**लेखक रोहन भुजेल**
**जनकपुरधाम - ४**

## ॥ हमु देखलेछी ॥

सत्यके माला नाम पर बहुत ढोंगी बाबा के देखलेछी।
नई करू सच्चाई और अच्छाई के बाद एईमे बहुत के मिटईत
देखलेछी ॥

सब कोइ अपने आप के सत्यवादी बताबइत देखलेछी।
वास्तविकता छुपाबइत कते लाखो लाख देखले छी ॥

चाहती त विश्वासघात के बाटो अपना के उच्चस्तर के बिंदु छुती ।
मगर एइ समाजमें सत्यधारा सिद्धान्त आत्मसाथ अपनाएले छी॥

कनिसा भोग पाबे खातिर भाई भाई बाप बेटा के लडईत देखलेछी।
एइ समाजमें ज्ञान देबेबाला बहुत और काम देबेबला कम देखलेछी ॥

कमजोर समय होएला पर गदहा के बाप कहीत बहुत देखलेछी ।
भगवान के घर में देर हैं अधेर नै इहे सत्यबानी भरोसा पर टिकल छी ॥

दुइ दिनके प्यार खातिर माई बाबु के छोरैत बहुत सन्तान देखलेछी ।
इधर उधर के बहकाबा में आके बहुत घर समसान होइत देखलेछी ॥

सत्य बात बोलला पर धोका और गलत बात बोलला पर मोका ।
नई करू सच्चाई और अच्छाई के बाद एईमे बहुत के मिटईत
देखलेछी ॥



**लेखकः-आई.पी. रूपेश महतो**
**ठेगानाः-माधवनारायण न पा -३ सखुअवा, रौतहट**

## के थाहा ! भोली उनैको पाँउमा झुक्नुपर्छ

सधैं बदनाम गर्छौ कति
पुरस्कारले पनि सजाउन
सधै सराप्छौ कति
पदक र तक्माले सजाउन
आशा र भरोसा राख
अधिकार र जिम्मेवारी देउ
काविल छु,
सबैले जान्नेछन।
------------
कति खुट्टा मात्र तान्छौ
कहिलेकाही हात पनि समात
कति कुरा मात्र काट्छौ
कहिलेकाही मुक्त कण्ठले प्रसंशा पनि गर।
कति विरोध मात्र गर्छौ
सत्य र वास्तविकता पनि उजागर गर
तिम्रो कलमको निव भुतो हुन नदेउ
तिम्ले देको संदेश पथ प्रदर्शक होस्।
--------------
कुरामा कुटनीति,
सम्वन्धमा फाईदा मात्र कति हेर्छौ
प्रेम र सौहार्दताले सम्वन्धलाई जीवन्त बनाउ
तिम्रा आनी वाणी कर्कस ध्वनी जस्ता
थोरै ईसारा मिठो मुस्कानले वात गर
कति घृणा मात्र गर्छौ
प्रेम स्नेह पनि देखाउ
-------------
कति दिन्छौदुःख कष्ट
खुशी र हाँसो पनि देउ
कति दिन्छौअभाव र गरिवी
अवसर र रोजगारी पनि देउ।
कति व्यस्त छौ पैसाको पछाडी
जीवन पनि जीउने गर
अन्तर्मनमा युद्ध होईन शान्ति ल्याउ
----------------
सस्तो रहेछ यहाँ श्रम र सिप
बेच्न चाहन्छु, कसले किनिदिने
ईमानर लगन साथ कर्म गर्दा
भरोसा कस्ले गरिदिने
पहिचान मेरो माटोसँग छ
सामन्ति भएर बसेका छौ
तिम्रो कुशासन र कुतन्त्रले
मेरो शिर निहुरीरहन्छ
खबरदारी गर्दा समेत सुन्देनौ
व्यवस्था र अवस्था सुध्रेला र..
खुशी हौला भनेको, खै त....
आज पनि बच्चाहरुकै पछि लाग्नु परेको छ।
------------
क्षितीजमा उदाएको सूर्यले
आशा र भरोसाले भर्दछ
कालो रातमा देखिन्छ चन्द्रमा
फुल्दछ कमल हिलोमा
न सोचौ आजको सानो, को तुच्छ
के थाहा! भोली उनैको पाँउमा झुक्नुपर्छ ।
के थाहा !भोली उनैको पाँउमा झुक्नुपर्छ ।




**लेखकः- दिलिप कुमार प्रधान**

# ‘टाइगर ३’पछि ‘डन ३’मा भिलेन बन्दै इमरान !

**एजेन्सी**

बलिउडमा रोमान्टिक हिरोको छवि बनाएका इमरान हाशमीको अब फिल्ममा चरित्र बदलिन थालेको छ। गत वर्ष फिल्म ‘टाइगर ३’मा भिलेनको भूमिकामा प्रस्तुत भएपछि उनलाई त्यही प्रकारको भूमिकामा प्रस्ताव ओइरिरहेको छ। अब अर्को सफल फिल्म ‘डन’को तेस्रो श्रृंखलामा पनि उनी भिलेनको भूमिकामा देखिने भएका छन्। यद्यपि, यसको आधिकारिक पुष्टि हुन भने बाँकी छ।



निर्देशक फरहान अख्तरले भिलेनको भूमिकामा इमरानलाई निश्चित गरिसकेको भारतीय मिडियाहरुले दाबी गरेका छन् । फिल्ममा डन पात्रमा भने अभिनेता रणवीर सिंह देखिनेछन् । यो फिल्मका अघिल्ला दुई श्रृंखलामा सुपरस्टार शाहरुख खान डन बनेका थिए । तेस्रो श्रृंखलामा पनि फरहान शाहरुखलाई नै लिन चाहन्थे । तर, उनले इच्छा नदेखाएपछि फिल्ममा रणवीरको प्रवेश भएको हो ।

निर्देशक अख्तर र रितेश सिधवानीले संयुक्त रुपमा निर्माण गर्ने फिल्मलाई सन् २०२५ मा रिलिजको तयारी गरिएको छ । फिल्ममा रणवीरको अपोजिटका लागि अभिनेत्रीको टुंगो लागिसकेको छैन । तर, भारतीय मिडियामा कियारा आडवाणीको नाम चर्चामा छ । ‘डन’को पहिलो श्रृंखला सन् २००६ र सन् २०११ मा दोस्रो श्रृंखला प्रदर्शनमा आएको थियो । यी दुवै श्रृंखला सुपरहिट भएका थिए ।

# दुई दशकपछि फिल्ममा फर्किंदै पूजा चन्द

काठमाण्डु । कुनै समयकी सफल अभिनेत्री पूजा चन्द विगत १९ वर्षदेखि अमेरिकामा छिन् । अमेरिका गएसँगै उनको फिल्मसँग पनि दूरी बढ्यो । पछिल्लोपटक उनी सन् २००४ मा आएको फिल्म ‘मनको टुक्रा’मा देखिएकी थिइन् । अब २० वर्षपछि उनी फिल्ममा पुनरागमन गर्दैछिन् । निर्देशक विनोद पौडेलको दोस्रो फिल्म ‘भूठान’ (द वर्ल्डस् ह्याप्पिएस्ट म्यान)बाट उनी अभिनयमा फर्किन लागेकी हुन् ।

यतिबेला उनी अमेरिकास्थित ओहायोको एक्रोन शहरमा फिल्मका लागि वर्कसप गरिरहेकी छन् । पहिलोपटक वर्कसपको अनुभव लिएकी पूजाले एक अन्तर्वार्तामा भनेकी छन्, ‘मैले फिल्मी करिअरमा कहिल्यै वर्कसप भन्ने गरेको थिइनँ । यहाँ मैले यो नयाँ कुरा सिक्ने मौका पाएँ। यो मेरो लागि एकदमै फरक अनुभव हो ।’ यसै सातादेखि ‘भूठान’को अमेरिकामा छायांकन सुरु भैसकेको छ।

अब अभिनयलाई निरन्तरता दिने उनको योजना छ। ‘म निरन्तर फिल्म गर्नेछु । अरु एक/दुईवटा फिल्ममा कुरा पनि भैरहेको छ । जुलाईमा म नेपाल जाँदैछु । स्क्रिप्ट र रोल राम्रो भयो भने नेपाल बसाईंको क्रममा फिल्म गर्नेछु,’ उनले भनेकी छन् । बाल्टिमोरमा बस्ने गरेकी पूजाले रेकर्डिङ स्टुडियो चलाउँदै आएकी छन् भने कन्सर्टका लागि लाइट र साउन्ड सिस्टम पनि उपलब्ध गराउँछिन् ।



उनलाई अहिले नेपाली फिल्म यथार्थसँग नजिक भएर बनिरहेका छन् भन्ने लाग्छ। तथापि, ब्याकग्राउन्ड म्युजिक अझै पनि कमजोर रहेको उनको बुझाई छ । ‘कन्सेप्ट डेभलप’ र प्रस्तुतिकरणमा अझै मिहिनेत गर्न उनको सुझाव छ । अहिलेको पुस्तामा अभिनेत्रीद्वय सुरक्षा पन्त र स्वस्तिमा खड्काको अभिनयबाट प्रभावित रहेकी पूजालाई अभिनेतामा भने प्रदीप खड्काको काम मन परेको छ।

# सन्दीपको पक्षमा उभिए जीवन, भड्किए समर्थक

काठमाण्डु । ‘स्टार’ क्रिकेट खेलाडी सन्दीप लामिछानेलाई काठमाडौं जिल्ला अदालतले बलात्कार मुद्दामा दोषी ठहर गर्दै ८ वर्ष कैद सजाय र ५ लाख जरिवाना तोकेपछि समर्थन र विरोध दुवै भैरहेको छ । नेपाली फिल्मका केही कलाकारहरु भने सन्दीपको पक्षमा देखिएका छन् । ‘नाईं नभन्नू ल’ फेम्ड अभिनेता जीवन लुईंटेलले ‘ जस्टिस फर सन्दीप’ भन्दै उनलाई फसाइएको आशय व्यस्त गरेका छन् ।

सन्दीपले हातमा बल लिएर हाँसेको एक तस्वीर सेअर गर्दै उनी फेसबुकमा लेख्छन्, ‘ तिम्रो यही डल्लाले ठोक्नुपर्छ अन्धा कानुनका





बेल्सहरु, विकेटभन्दा धैरै पर र फुटाउनुपर्छ असमानताका स्ट्म्पहरु ।’ उनको यो स्टाटसप्रति समर्थकहरु भने भड्किएका छन् । केहीले जीवनलाई ‘भगौडा एक्टर’को संज्ञा दिएका छन् भने कतिले अब उनीप्रतिको सम्मान नै सकिएको प्रतिक्रिया जनाएका छन् ।

जीवनको स्टाटसको कमेन्टमा एक प्रशंसक लेख्छन्, ‘दाई कसम तिमीप्रतिको सम्मान सकियो अब, म यतिबेला सरमले निथ्रुक्क छु ।’ त्यसैगरी, अर्का एक प्रशंसकले लेखेका छन्, ‘सन्दिप लामिछाने जस्तालाई काँध थाप्ने तपाईंहरु विगत र वर्तमान मात्र हो, भविष्य होइन । यो अभिव्यक्ति आफूमा भएको कुण्ठित प्रतिनिधित्व प्रष्फुटित भएको मात्र हो ।’ केहीले भने जीवनको समर्थन गरेका छन् ।

पुराना अभिनेता कृष्ण मल्ल पनि सन्दीपको पक्षमा देखिएका छन् । उनले सन्दीपलाई माफी दिनुपर्ने आशय व्यक्त गर्दै फेसबुकमा लेखेका छन्, ‘कस्ता कस्तालाई त राष्ट्रपतिले माफी दिएका छन्, राष्ट्रिय खेलाडी सन्दिप लामिछानेलाई माफी दिँदा के हुन्छ ? अर्को विकल्प भनेको उनलाई जेलमा रहँदा पनि खेलमा सरिक गराउने प्रावधान गर्न सकिन्छ ।’ उनको स्टाटसमा भने समर्थन बढी छ ।

# 'मुलुकको समृद्धिका लागि वैज्ञानिक समाजवादी व्यवस्था आवश्यक'

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले समानता र समतामूलक समाज निर्माणका लागि वैज्ञानिक समाजवाद आवश्यक रहेको बताएका छन् ।



पार्टीको केन्द्रीय कार्यालय आलोकनगरमा नेपाल भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठन (समाजवादी)को तेस्रो वार्षिकोत्सवका अवसरमा शुक्रबार आयोजित कार्यक्रममा अध्यक्ष नेपालले देशलाई समृद्ध बनाउन र जनताको जीवनलाई सुखी बनाउन मुलुकमा समाजवादी व्यवस्था स्थापना गर्नुपर्ने बताए । समाजवादको कार्यभार आफ्नो पार्टीले अवलम्बन गरिरहेको बताउँदै उहाँले भन्नुभयो, "जनवर्गीय सङ्गठनहरू पार्टीको यस कार्यभारलाई पूरा गर्नेगरी जनस्तरमा काम गर्नुपर्छ ।"

सो अवसरमा पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका अध्यक्ष नेपालले पर्टीपङ्क्तिलाई इमान्दारिताका साथ पार्टी विस्तारमा लाग्न निर्देशन दिए । पार्टीको आन्तरिक समस्या पार्टी कमिटीका बैठकमा राख्नुपर्ने बताउँदै उनले भने, "हामीबीचमा केही समस्या छन् भने प्रदेश कमिटीका नेताहरू छन् ।

त्यहाँ पनि कार्यकर्ताका गुनासा सम्बोधन भएनन् भने केन्द्रीय सङ्गठन, पदाधिकारी छौं । यहाँसम्म आएर आफ्ना कुरा राख्नुहोला ।" रासस

# वीर अस्पतालमा तालाबन्दी गरे आफैँ आएर खोल्छु : मन्त्री बस्नेत



काठमाण्डु । स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री मोहनबहादुर बस्नेतले वीर अस्पतालमा यदि कसैले तालाबन्दी गर्छ भने आफैँ आएर ताला काट्ने बताएका छन् ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान वीर अस्पतालद्वारा शुक्रबार आयोजित मेमोग्राफी सेवाको उद्घाटन कार्यक्रममा मन्त्री बस्नेतले वीर अस्पतालमा एक समूहले दिनरात काम गर्ने गरेको र अर्को समूह काम नगर्ने गरेको आफूले थाहा पाएको बताए । उनले भने, "मलाई बद्नाम गर्ने उद्देश्यले आफ्नो स्वार्थ पूरा गर्न नभएको प्रचार गर्दै एक समूह हिँडेको छ । ऐन संशोधन गरेर भए पनि उक्त समूहलाई ठेगान लगाउनुपर्ने अवस्था आएको छ ।"

महिलाको स्तन क्यान्सर भए/नभएको परीक्षण गर्ने मेमोग्राफी सेवाको शुभारम्भ गर्दै मन्त्री बस्नेतले बिहान ८ बजेदेखि ओपिडी सेवाको सुरुआत र विशिष्ट व्यक्तिहरुको उपचारका लागि छुट्टै वार्डको व्यवस्थाले सकारात्मक सन्देश दिएको बताए । उनले क्यान्सरको उपचार व्यवस्थासँगै मुटुरोगसम्बन्धी उपचारको पनि विशेष व्यवस्था गर्नुपर्ने आवश्यकता रहेकामा जोड दिए ।

चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानका उपकुलपति प्रा डा भूपेन्द्रकुमार बस्नेतले 'थ्रिडी टेक्नोलोजी'सहित नतिजा हेर्न सकिने उत्कृष्ट मेसिन जडान गरेको जानकारी दिए । उनले सघन उपचार कक्षको क्षमता बढाउनुका साथै अब आउने नयाँ शैक्षिकसत्रदेखि एमबिबिएस पढाई हुने व्यवस्था गरिएको बताए । रासस

# नेपालमा खेलकुदको प्रचुर सम्भावना छ : प्रधानमन्त्री




काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपालमा सम्भावनाका धेरै क्षेत्र भएको र त्यसमा पनि खेलकुद प्रचुर सम्भावना बोकेको क्षेत्र भएको बताउनुभएको छ ।

नेपाल बादोरियो कराते डो सङ्घद्वारा यहाँ शुक्रबार आयोजित ' चौथो राष्ट्रिय बादोरियो खुला कराते प्रतियोगिता' को उद्घाटन गर्नुहुँदै प्रधानमन्त्री दाहालले नेपालमा भर्खरै सम्पन्न दक्षिण एसियाली कराते च्याम्पियनसिप, बङ्गलादेशमा सम्पन्न पाँचौं दक्षिण एसियाली कराते च्याम्पियनसिप, १९औं संस्करणको एसियाली खेलकुदलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपाली खेलाडीले राम्रो नतिजा निकालेको उल्लेख गर्दै खेलकुदमा राम्रो सम्भावना भएको बताउनुभयो ।

प्रधानमन्त्री दाहालले भन्नुभयो, "नेपाल अपार सम्भावनाले भरिपूर्ण देश हो । देशको विकास र प्रगतिका निम्ति हामीसँग प्रशस्त सम्भावना छन् । त्यसमध्ये खेलकुद राम्रो सम्भावना बोकेको क्षेत्र हो । पछिल्लो दशक खेलमा नेपालले गरेको प्रगतिले पनि यो यथार्थलाई पुष्टि गर्दछ । त्यसैले मैले आफ्नो तेस्रो कार्यकालमा खेल क्षेत्रलाई सबैभन्दा बढी महत्व दिएको छु ।" रासस

# नेपाल–पाकिस्तान सम्बन्धबारे छलफल

काठमाण्डु । परराष्ट्रसचिव सेवा लम्सालसँग नेपालका लागि पाकिस्तानका राजदूत अबरर एच हास्मीले भेटवार्ता गरेका छन् । परराष्ट्र मन्त्रालयमा शुक्रबार भएको भेटमा नेपाल-पाकिस्तान सम्बन्धका सबै विषयमा छलफल भएको यहाँस्थित पाकिस्तानी राजदूतावासले जनाएको छ ।



सो अवसरमा दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) नेपाल-पाकिस्तानबीचको शिक्षा, व्यापार, पर्यटन, जलवायु परिवर्तनका क्षेत्रमा सहयोग बढाउने तथा विद्यमान द्विपक्षीय संयन्त्रलाई पुनः सक्रिय तुल्याउने सम्बन्धमा छलफल भएको थियो ।

राजदूत हास्मीले नवनियुक्त सचिव लम्साललाई पाकिस्तानका विदेश सचिव मुहम्मद साइरस क्वाजीले पठाउनुभएको पत्र हस्तान्तरण गरेका थिए । रासस

# राष्ट्रपतिद्वारा समसामयिक विषयमा शीर्ष नेतृत्वको ध्यानाकर्षण



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकका जल्दाबल्दा समस्या समाधान गरेर लोकतान्त्रिक व्यवस्थालाई सुदृढ बनाउन सबै मिलेर अघि बढ्न प्रमुख तीन राजनीतिक दलका शीर्ष नेताहरूको ध्यानाकर्षण गराएका छन् ।

राष्ट्रपति पौडेलले प्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड', प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग शुक्रबार शीतलनिवासमा सङ्घीयता कार्यान्वयन, सुशासन र विश्वविद्यालयमा सुधार गर्न ध्यानाकर्षण गराउनुभएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

प्रेस सल्लाहकार पोखरेलका अनुसार राष्ट्रपति पौडेलले राजनीतिक दलहरूले आफूहरूले मिलेर ल्याएको सङ्घीयता कार्यान्वयन गर्न प्रदेशलाई अधिकार दिने गरी तत्काल कानुन पनि मिलेर बनाउन, निमुखाले न्याय पाउने गरी सुशासन कायम गर्न नेताहरुको ध्यानाकर्षण गराएका थिए ।

राष्ट्रपति पौडेलले त्रिभुवन विश्वविद्यालयमा उपकुलपतिमा क्षमतावान् प्राज्ञ ल्याएर यही मौकामा विश्वविद्यालय सुधारको अभियान शुरु गर्न पनि ध्यानाकर्षण गराएका थिए । राष्ट्रपति पौडेलको ध्यानाकर्षणलाई नेताहरूले सकारात्मक रुपमा लिएको जनाइएको छ । रासस

# सत्ती भन्सारमा क्वारेन्टाइन स्थापनाका लागि पहल गर्छु : उपप्रधानमन्त्री खड्का

टीकापुर । उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले कैलालीको टीकापुर-९ खक्रौलामा रहेको सत्ती भन्सारमा क्वारेन्टाइन स्थापनाका लागि आफूले पहल गर्ने बताएका छन् ।

कैलालीको टीकापुरमा आयोजित सुदूरपश्चिमाञ्चल औद्योगिक व्यापार मेला तथा टीकापुर महोत्सवको शुक्रबार उद्घाटन गर्दै उहाँले क्वारेन्टाइन स्थापनाका लागि आफू लागिपर्ने बताए । "वाणिज्य सङ्घले राखेका सातबुँदे माग पूरा गर्ने आश्वासन दिन्छु । आर्थिक उन्नति र प्रगतिका लागि लम्की टीकापुर सडक समयमै निर्माणका लागि पहल गर्छु", उनले भने, "निर्माणाधीन सडक समयमै सक्न कडाइ गर्नुका साथै सडक विस्तार र पर्यटकीय विकासलाई प्राथमिकतामा राखिनेछ ।"



महोत्सवले विकाससँगै सहकार्यमा जोड दिने बताउँदै रक्षामन्त्री खड्काले कैलाली जिल्लाको टीकापुर सुन्दर र आर्थिक सम्भावना बोकेको सहर रहेको स्पष्ट गरे । यो सहरको विकासका लागि सङ्घीय सरकार यहाँका नागरिकको साथमा रहने पनि उनले बताए ।

"यो महोत्सवले कृषक, उद्यमी, व्यवसायी, कलाकार सबैलाई एकै ठाउँमा जुटाइ सहकार्यका लागि नयाँ ठाउँ पहिल्याउने छ", उनले भने, "महोत्सवअन्तर्गत प्रदर्शनीमा राखिने कृषि तथा औद्योगिक उत्पादनले वस्तु चिनाउन र बाह्य बजार विस्तारमा सहयोग पुग्नेछ । महोत्सवले बहुमूल्य वस्तुको पहिचान र बजार विस्तारमा सहयोग पुग्नेछ ।"

मन्त्री खड्काले महोत्सवले यस्ता मेला महोत्सवले साना तथा मझौला उद्योग विस्तार गर्न सहयोग पुग्ने बताए । उनले भारतबाट आउने धार्मिक पर्यटकलाई कैलाशमार्गसँग जोड्न सकिएमा पर्यटकीय विकासमा मद्दत पुग्ने बताए । "टीकापुरको विकासका लागि सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु", उनले भने, "आधुनिक सहर निर्माणमा सरकारको साथ रहनेछ ।"

सो महोत्सवमा उद्योग वाणिज्य सङ्घ कैलालीले मन्त्री खड्कालाई टीकापुरवासीका तर्फबाट सीमामा रहेको खक्रौला भन्सारको स्तरोन्नति, सडकमार्ग विस्तार, सनकट्टीमा निर्माण हुने भनिएको पक्की पुल निर्माण, हवाई मैदान सञ्चालन आदि विषयमा माग राखेको थियो ।

टीकापुर उद्योग वाणिज्य सङ्घको आयोजनामा सुरु भएको सो महोत्सवमा सुदूरपश्चिम प्रदेशसभा सदस्य ललिता सुनारले टीकापुरको विकासका लागि प्रदेश सरकारले सक्दो सहयोग गर्ने बताए । "रक्षामन्त्रीले टीकापुरका सडक, खानेपानी, शैक्षिक तथा व्यापारिक विकासमा सहयोग गर्नुहुनेछ", उनले भने, "प्रदेश सरकारले पनि सकेको विकासमा लगानी गर्नेछ ।" कार्यक्रममा टीकापुर सहरको नक्साङ्कन गर्ने वरिष्ठ इञ्जिनियर शङ्करनाथ रिमाललाई दोसल्ला ओढाइ सम्मान गरिएको थियो । वरिष्ठ इञ्जिनियर रिमालले टीकापुरमा आफूले काम गर्दा चार/पाँच जना मिलेर नक्साङ्कनको काम गरेको स्मरण गरेका थिए । उनले भने, "आज यतिधेरै मानिस देख्दा आनन्द लागेको छ । टीकापुरको स्परुप देख्दा खुसी लागेको छ । टीकापुरलाई राम्रो सहर बनाउन के गर्नुपर्छ भनी विचार गरेर अघि बढेमा अबको ५० वर्षपछि टीकापुर नेपालको ठूलो सहर बन्नेछ । नेतृत्वले ध्यान दिएमा सहर विकासमा सहयोग पुग्नेछ ।"

वाणिज्य सङ्घले विसं २०६५ देखि टीकापुरमा महोत्सव आयोजना गर्दै आएको छ । महोत्सवमा दुई सय स्टलका साथै रमाइलो मेला र यहाँका स्थानीय कला र संस्कृति झल्कने विभिन्न प्रदर्शनी पनि छन् । रासस

## राष्ट्रपतिद्वारा समसामयिक विषयमा शीर्ष नेतृत्वको ध्यानाकर्षण

काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले मुलुकका जल्दाबल्दा समस्या समाधान गरेर लोकतान्त्रिक व्यवस्थालाई सुदृढ बनाउन सबै मिलेर अघि बढ्न प्रमुख तीन राजनीतिक दलका शीर्ष नेताहरूको ध्यानाकर्षण गराउनुभएको छ ।

राष्ट्रपति पौडेलले प्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ' प्रचण्ड', प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली र नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग शुक्रबार शीतलनिवासमा सङ्घीयता कार्यान्वयन, सुशासन र विश्वविद्यालयमा सुधार गर्न ध्यानाकर्षण गराउनुभएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो ।

प्रेस सल्लाहकार पोखरेलका अनुसार राष्ट्रपति पौडेलले राजनीतिक दलहरूले आफूहरूले मिलेर ल्याएको सङ्घीयता कार्यान्वयन गर्न प्रदेशलाई अधिकार दिने गरी तत्काल कानुन पनि मिलेर बनाउन, निमुखाले न्याय पाउने गरी सुशासन कायम गर्न नेताहरुको ध्यानाकर्षण गराउनुभएको थियो ।

राष्ट्रपति पौडेलले त्रिभुवन विश्वविद्यालयमा उपकुलपतिमा क्षमतावान् प्राज्ञ ल्याएर यही मौकामा विश्वविद्यालय सुधारको अभियान शुरु गर्न पनि ध्यानाकर्षण गराउनुभएको थियो । रासस

# चलचित्रसम्बन्धी विधेयक संसद्को आगामी अधिवेशनमा : मन्त्री शर्मा

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले संसद्को आगामी अधिवेशनमा चलचित्रसम्बन्धी विधेयक पेश गर्ने तयारी भएको बताउनुभएको छ ।



सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र चलचित्र जाँच समितिद्वारा आज ललितपुरमा आयोजित सरोकारवालाबीचको अन्तर्क्रिया कार्यक्रममा मन्तव्य राख्नुहुँदै मन्त्री शर्माले चलचित्रकर्मीले भोगेका अनुभूति, परेका समस्या सल्ट्याउने गरी प्राप्त सुझावको आधारमा विधेयक निर्माण गरी संसद्मा पेश गरिने बताउनुहुँदै सुझाव दिन अनुरोधसमेत गर्नुभयो ।

"चलचित्रकर्मीका समस्या र अप्ठ्यारोका बीचमा जानकार थिएनौं, थाहा हुँदैनथ्यो, कानुनले आवश्यकता पूर्ति गर्न सक्नुभएको छैन भन्ने अनुभूति भएको छ । आगामी अधिवेशनमा चलचित्रसम्बन्धी ऐन पेश गर्ने तयारीमा छौं । चलचित्र मनोरञ्जन मात्रै हैन आम सञ्चारको क्षेत्र पनि हो । कम्तीमा पनि २० वर्ष काम गर्न सक्ने कानुन बनोस् भन्ने गरी सुझावको अपेक्षा गरेका छौं", मन्त्री शर्माले भन्नुभयो ।

सरोकारवालाबीचको छलफलबाट प्राप्त सुझावका आधारमा निर्माण गर्ने कानुन कार्यान्वयनमा सहज हुने उहाँको भनाइ थियो । सेन्सर बोर्डको कार्यालय नहुँदा भएको समस्यालाई ध्यान दिएर लाग्ने बताउनुहुँदै मन्त्री शर्माले सहजीकरण गर्ने वातावरण मिलाइने प्रतिबद्धता पनि जनाउनुभयो ।

प्रतिष्पर्धी चलचित्र निर्माणका लागि गुणस्तर व्यवस्थापन गर्नु महत्त्वपूर्ण विषय हो भन्नुहुँदै उहाँले स्वदेशी तथा विदेशी बजारमा प्रतिष्पर्धालाई ध्यान दिनुपर्छ भन्नुभयो । महिला चलचित्रकर्मीले भोग्नुपरेका समस्या पनि पृथक् भएकाले यसका लागि नीति तथा बजेट तर्जुमा गर्न आवश्यक सुझाव पेश गर्न आग्रह गर्नुभयो ।

संविधानले बर्जित गरेको विज्ञापन बजिरहेको भन्नुहुँदै मन्त्री शर्माले त्यसलाई रोक्नुपर्ने र विज्ञापन बोर्डले हेर्नुपर्ने बताउनुभयो ।

नेपालमा चलचित्र क्षेत्रको विकास र भावी कार्यदिशा विषयमा प्रस्तुतीकरण गर्नुहुँदै विशाल सापकोटाले २०२६ सालमा बनेको चलचित्रसम्बन्धी पुरानो कानुन संशोधन गर्न आवश्यक रहेको, नवीनतम प्रविधिलाई जोड्दै यस क्षेत्रको सुधार गर्नु आवश्यक रहेको बताउनुभयो । उहाँले नेपालमा अनुसन्धान र विकासको पाटो फितलो रहेको भन्दै कानुनी व्यवस्थासहित स्रस्टा र कलाकार बाँच्ने व्यवस्थाका लागि अवसर र सम्भावना सिर्जना गरिनुपर्ने बताउनुभयो ।

चलचित्र जाँच समितिका सदस्य सचिव तथा मन्त्रालयका उपसचिव निर्मला न्यौपानेले कार्यक्रमको आवश्यकता र औचित्यतासम्बन्धी धारणा राख्नुहुँदै चलचित्र जाँच समितिसँग सम्बन्धित कामलाई व्यवस्थित गर्न र समस्या समाधानका लागि महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । रासस

# पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसमा जलपान




काठमाण्डु । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालले ३०२औँ पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा शुक्रबार चियापान कार्यक्रम गरेको छ । कार्यक्रममा पार्टी अध्यक्ष कमल थापासहितका पार्टी पदाधिकारीले आमन्त्रित पाहुनालाई स्वागत अभिवादन गरे ।

कार्यक्रममा सभामुख देवराज घिमिरे, उपसभामुख इन्दिरा राना, मन्त्रिहरु, मन्त्रिपरिषद्का पूर्वध्यक्ष, विभिन्न राजनीति दलका नेता तथा कार्यकर्ता, पूर्वप्रशासक, पूर्वसुरक्षाकर्मी, उद्योगी, व्यपारी, नेपालस्थित विभिन्न कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि तथा समाजका विभिन्न क्षेत्रका व्यक्ति र सर्वसाधारणको उपस्थिति थियो ।

राप्रपा नेपालले पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा प्रत्येक वर्ष पुस २७ गते चियापान कार्यक्रम गर्दै आएको छ । रासस

# पाकिस्तान बौद्धिक अर्थतन्त्र बन्दैछ : प्रधानमन्त्री



सन्ह्वा

इस्लामावाद । आफ्नो दक्ष मानव संसाधनको डिजिटल पूर्वाधार, उद्यमशीलताको भावना र डिजिटल रूपान्तरणको दृष्टिकोण साथ पाकिस्तान ज्ञानमा आधारित अर्थतन्त्र बन्न तयार रहेको पाकिस्तानका कार्यबाहक प्रधानमन्त्री अनवर- उलहक काकरले बताएका छन् ।

उहाँका अनुसार पाकिस्तान सरकारले आफ्नो डिजिटल नीति मार्फत आर्थिक समृद्धि र डिजिटल रूपान्तरणको माध्यमबाट नागरिक सशक्तिकरण ल्याउने परिकल्पना गरेको छ। काकरले देशमा विद्युतिय-रोजगार केन्द्रहरू खोल्ने कार्यक्रमलाई सम्बोधन गर्दै यस्तो भने।

उहाँका अनुसार हाल पाकिस्तानले एक सय ९० भन्दा बढी देशहरूमा सूचना प्रविधि तथा सुचना प्रविधि संग सम्बन्धित सेवाहरू निर्यात गरिरहेको छ। करिव ९० प्रतिशतभन्दा बढी टेलीसघनताको साथ, पाकिस्तान पछिल्लो समय सुचना प्रविधि तथा सुचना प्रविधि सेवाहरूको वाह्य जनशक्ति उपलब्ध गर्नको लागि विश्वको दोस्रो आर्थिक रूपमा आकर्षक गन्तव्यको रूपमा स्थापति भएको प्रधानमन्त्रीले बताए।

पाकिस्तान सफ्टवेयर निर्यात बोर्डले पाकिस्तानमा सफ्टवेयर प्रविधि पार्क (एसटीपी) को संख्या आठबाट ३० मा बढाएको उहाँले बताउनुभएको छ।

पाकिस्तानका साना सहरहरूमा थप ४० वटा सफ्टवेयर प्रविधि पार्क स्थापना गर्ने प्रक्रियामा रहेको बताउदै कक्करले, सरकारले बहु-क्षेत्रीय डिजिटल रूपान्तरण पहलमार्फत् डिजिटल पाकिस्तानको दृष्टिकोणमा काम गरिरहेको बताए।

# सन् २०२३ मा चीन र रूसबीचको व्यापारमा वृद्धि

एएफपी

बेइजिङ । चीन र रूसबीचको व्यापार सन् २०२३ मा उच्च बिन्दुमा पुगेको बेइजिङको आधिकारिक तथ्याङ्कले शुक्रबार देखाएको छ । भूराजनीतिक तनावका कारण चीनको संयुक्त राज्य अमेरिकासँगको व्यापारमा चार वर्षमा पहिलो पटक गिरावट आएको छ।

चीन र रूसबीचको व्यापार २४० अर्ब अमेरिकी डलरभन्दा बढी पुगेको चिनियाँ भन्सार विभागको तथ्याङ्कले देखाएको छ।

सन् २०२२ मा मस्कोले युक्रेनमाथि गरेको आक्रमणपछि राजनीतिक र आर्थिक रुपमा नजिकिएका यी दुई मुलुकका लागि यो आँकडा ऐतिहासिक हो।

तथ्याङ्कअनुसार व्यापारको आँकडाले वार्षिक रूपमा २६.३ प्रतिशतको वृद्धिलाई प्रतिनिधित्व गर्दछ।

चीनले युक्रेन युद्धबारे मस्कोको आक्रमणको आलोचना गर्न अस्वीकार गरेको छ। चीनले आफू तटस्थ रहेको दाबी गर्दै आएको युक्रेन युद्धबारेको चिनियाँ अडानलाई लिएर बेइजिङले पश्चिमा देशहरूबाट आलोचना खेप्दै आएको छ।

सन् २०१९ पछि पहिलो पटक अमेरिका र चीनबीचको व्यापारमा गिरावट आएको छ।



सन् २०२२ को तुलनामा गत वर्ष अमेरिकासँगको व्यापार ११.६ प्रतिशतले घटेर ६६४ अर्ब अमेरिकी डलर पुगेको थियो।

सामान्य भन्सार प्रशासनका उपमन्त्री वाङ लिङ्जुनले पत्रकार सम्मेलनमा बोल्दै सन् २०२४ मा नेपालको व्यापारमा थप अवरोध आउने बताउनुभयो।

"बाह्य वातावरणको जटिलता, गम्भीरता र अनिश्चितता बढ्दो छ, र हामीले कठिनाइहरू पार गर्न र विदेशी व्यापारको वृद्धिलाई थप बढावा दिन थप प्रयास गर्न आवश्यक छ," उहाँले भन्नुभयो।

सन् २०१६ पछि चीनको निर्यात ४.६ प्रतिशतले घटेको छ भने आयात ५.५ प्रतिशतले घटेको छ।

शुक्रबार पनि घरेलु मोर्चामा निराशाजनक आर्थिक आँकडाहरू देखा परेका छन्। राष्ट्रिय तथ्याङ्क ब्यूरो (एनबीएस) को तथ्याङ्कले चीनमा गिरावट डिसेम्बरमा लगातार तेस्रो महिना जारी रहेको देखाउँछ।

उपभोक्ता मूल्य सूचकाङ्क (सीपीआई) मा अघिल्लो बर्षको अन्तिम तीन महिनाको तुलनामा ०.३ प्रतिशतले कमी आएको छ।

गत बर्षको जुलाईमा चीन सन् २०२१ पछि पहिलो पटक मुद्रास्फीतिको समस्यामा फसेको थियो तर यसमा अगस्ट देखि नै सुधार देखिएको सेप्टेम्बरदेखि नै मूल्यमा निरन्तर गिरावट आएको छ।

ब्लुमबर्गले गरेको सर्वेक्षणमा विश्लेषकहरूले नोभेम्बरमा ०.५ प्रतिशतले घटेको मुद्रास्फीतिमा गत महिना ०.४ प्रतिशतले गिरावट आउने अनुमान गरेका थिए।

अपस्फीतिले वस्तुहरू सस्ता थिए भन्ने सुझाव दिन्छ र बृहत् अर्थव्यवस्थाको लागि खतरा उत्पन्न गर्दछ किनकि उपभोक्ताहरू थप कटौतीको आशामा खरीद स्थगित गर्छन्।

मागको कमीले कम्पनीहरूलाई उत्पादन कटौती गर्न, रोजगारी भर्ना रोक्न वा कामदारहरूलाई हटाउन बाध्य पार्न सक्छ । यसका कारण लागतहरू समान हुँदाहुँदै पनि लाभप्रदतालाई कम गर्न विद्यमान स्टकहरूमा छुट दिन पनि बाध्य हुन सक्छ।

तुलनात्मक रूपमा हेर्दा डिसेम्बरमा अमेरिकामा मुद्रास्फीति ३.४ प्रतिशत रहेको छ।

सन् २०२३ मा चीनमा मुद्रास्फीति औसतमा ०.२ प्रतिशतले बढेको छ। अन्य प्रमुख अर्थव्यवस्थाहरूको तुलनामा चीनमा फेरि एक पटक मूल्य वृद्धि भएको छ।

एनबीएसका अनुसार उत्पादकको मूल्यमा २.७ प्रतिशतले गिरावट आएको छ, जुन लगातार १५ औं महिना हो।

नोभेम्बरमा तीन प्रतिशतले घटेको उत्पादक मूल्य सूचकाङ्क (पीपीआई) ले कारखानाहरू छोड्ने सामानहरूको लागत मापन गर्दछ र अर्थव्यवस्थाको स्वास्थ्यको अन्तर्दृष्टि प्रदान गर्दछ।

# म्यानमारको नौसेनाद्वारा १.४५ टन लागुऔषध बरामद

सिन्ह्वा

याङ्गुन । म्यानमारको नौसेनाले आफ्नो क्षेत्रीय जलक्षेत्रमा १.४५ टन मेथाम्फेटामाइन (आईसीई) बरामद गरेको छ। लागुऔषध दुरुपयोग नियन्त्रणका लागि केन्द्रीय समिति (सीसीडीएसी) ले बिहीबार सो घटना बारे जनाकारी गराएको हो।

अनुसन्धान अधिकारीहरूले जनवरी ४ मा म्यानमारको क्षेत्रीय जलक्षेत्रमा काठको डुङ्गाको छानबिन गर्दा उक्त लागुपदार्थ जफत गरेका हुन्।

जफत गरिएका लागुऔषधको मूल्य ३६.२५ बिलियन क्याट (१७ मिलियन अमेरिकी डलरभन्दा बढी) रहेको बताइएको छ। यस मुद्दामा पाँच जना शङ्कासापद व्यक्तिहरूलाई पक्राउ गरिएको छ।

पक्राउ परेका पाँच अपराधीसहित सात जनालाई लागुऔषध तथा साइकोट्रोपिक पदार्थ कानून अन्तर्गत मुद्दा चलाइएको छ। यस घटना बारे थप अनुसन्धान भइरहेको बताइएको छ।

# इयुसँग घनिष्ठ सम्बन्ध चाहेको चिनियाँ राष्ट्रपति सीको भनाइ

एएफपी

साङ्घाई । चिनियाँ राष्ट्रपति सी जिनपिङले आफ्नो मुलुक युरोपसँगको सम्बन्ध सुदृढ गर्न इच्छुक रहेको बताएका छन् । बेइजिङमा बेल्जियमका प्रधानमन्त्री अलेक्जेन्डर डि क्रोसँगको भेटमा उहाँले सो कुरा बताएका छन्।



"चीन नयाँ वर्षमा चीन-युरोपेली युनियन (इयु) सम्बन्धमा निरन्तर प्रगतिलाई प्रवर्द्धन गर्नका लागि इयुसँग काम गर्न इच्छुक छ", सरकारी प्रसारक सिसिटिभीका अनुसार शुक्रबार बेइजिङमा ग्रेट अल अफ दि पिपुलमा भेट भएपछि सीले डि क्रोसँग भने, "अराजक अन्तर्राष्ट्रिय परिस्थितिको सामना गर्दा चीन र युरोपबिच थप पुल बनाउन आवश्यक छ, दुवै पक्षले संयुक्तरूपमा विश्व शान्ति, स्थिरता र समृद्धिलाई प्रवर्द्धन गर्नुपर्छ।"

बेइजिङ र इयु प्रमुख व्यापार साझेदार हुन् तर इयुले हालै प्रविधि र अन्य क्षेत्रमा चीनमाथि निर्भरता कम गर्ने सङ्केत दिएको छ । बेइजिङको सस्तो विद्युतीय सवारीको उत्पादनले युरोपेली प्रतिद्वन्द्वीहरूलाई चिन्तित बनाएको भन्ने आरोपपछि इयुले घरेलु विद्युतीय सवारी निर्माताहरूका लागि चिनियाँ अनुदानको अनुसन्धान सुरु गरेको छ । बेइजिङले ती आरोपको खण्डन गरेको छ।

साथै हालैका वर्षमा चीन र पश्चिमबीच बिग्रँदो सम्बन्धहरूले एआई, गलत सूचना र डाटा सुरक्षाले उत्पन सम्भावित कमजोरीमाथि ब्रसेल्समा चिन्ता उत्पन्न गरेको छ।

डि क्रोले शुक्रबार ट्विट गर्दै भने, "जलवायु परिवर्तन, नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाको बचाउ गर्ने वा भविष्यका महामारीहरू रोक्नेजस्ता हाम्रा साझा चुनौतीहरूका बारेमा छलफल गर्न मैले चिनियाँ प्रधानमन्त्री लि कियाङसँग पनि भेट गरेको थिएँ।"

उनका अनुसार दुवै नेताले युक्रेनमाथि रुसी आक्रमणबारे पनि कुराकानी भएको छ । युक्रेनमाथि रुसको आक्रमणलाई लिएर बेइजिङले मस्कोको निन्दा गर्न अस्वीकार गर्दा चीन र युरोपबीचको सम्बन्धलाई तनावपूर्ण बनाएको छ।

# क्रेमलिनद्वारा यमनमा 'अवैध' अमेरिकी, बेलायती हमलाको निन्दा

एएफपी

मस्को। क्रेमलिनले शुक्रबार यमनमा इरानसमर्थित हुथीहरूमाथि अमेरिका र बेलायतले गरेको 'अवैध' आक्रमणको निन्दा गरेको छ।

गाजामा युद्धबाट प्रभावित क्षेत्र मध्यपूर्वमा पश्चिमी हस्तक्षेपविरुद्ध मस्कोले विरोध गरेको छ। शुक्रबार बेलायती र अमेरिकी आक्रमणबारे टिप्पणी गर्दै क्रेमलिनका प्रवक्ता दिमित्री पेसकोभले भन्नुभयो, "हामी उनीहरूको निन्दा गर्छौं, अन्तर र्राष्ट्रिय कानूनको दृष्टिकोणबाट तिनीहरू अवैध छन्।"



अमेरिकी र बेलायती आक्रमण लाल सागरमा यात्रा गरिरहेका इजराइल-सम्बन्धित जहाजहरूमाथि हुथी आक्रमणको प्रतिक्रियामा भएका हुन्। क्रेमलिनले भनेको छ, "हामीले बारम्बार हुथीहरूलाई यस्तो अभ्यास छाडन् र यसलाई अत्यन्त गलत मान्न आग्रह गरेका छौं।"

हुथिसको अल-मसिरा टिभी स्टेसनका अनुसार अमेरिकी र बेलायती आक्रमणले एउटा एयरबेस, विमानस्थल र अर्को सैन्य शिविरलाई निशाना बनाएका छन्।

रुसको विदेश मन्त्रालयका प्रवक्ताले यसअघि आक्रमणलाई 'क्षेत्रमा तनाव बढाउने उद्देश्यले अन्तर्राष्ट्रिय कानूनको पूर्ण उल्लङ्घन' भनेको थियो।

# रुसले अफ्रिकालाई अनाज र मल आपूर्ति जारी राख्नेः उपप्रधानमन्त्री

सिन्ह्वा

मस्को। रुसले अफ्रिकालाई अन्न र मलको आपूर्ति जारी राख्ने बताएको छ।

उपप्रधानमन्त्री भिक्टोरिया अब्रामचेन्कोलाई उद्धृत गर्दै स्थानीयसञ्चारमाध्यमले शुक्रबार यस बारे जनाकारी गराएका छन्।

"रूस विश्वव्यापी अनाज भण्डार र भरपर्दो आपूर्तिकर्ता हो। अन्न र मलको सन्दर्भमा मानवीय सहायताको पहिलो चरण अफ्रिकी देशहरूमा पठाइसकेको छ र आगामी दिनमा यसलाई जारी राखिने छ।



संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि सङ्गठनले भर्खरै पश्चिमी देशहरूले खाद्य, खनिज मल, रसद र भुक्तानीमा लगाएको प्रतिबन्धले विश्व भोकमरीको समस्या बढेको स्वीकार गरेको रुसका उपप्रधानमन्त्रीले बताए।

गत वर्ष जुलाईमा रुस-अफ्रिका शिखर सम्मेलनमा रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले विश्व खाद्य कार्यक्रमको सूचीमा रहेका ६ अफ्रिकी देशलाई रुसले मानवीय सहायताका रूपमा अन्न पठाउने बताएका थिए।

कृषि अधिकारीहरूका अनुसार सोमालिया र बुर्किना फासोका लागि प्रत्येक २५ हजार टन गहुँ बोकेका दुई जहाजहरू नोभेम्बरको मध्यमा रूसबाट त्यसतर्फ प्रस्थान गरेका थिए।

# भारतीय प्रधानमन्त्रीद्वारा मुम्बईमा भारतको सबैभन्दा लामो समुद्री पुल 'अटल सेतु' को उद्घाटन



एएनआई

मुम्बई। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार महाराष्ट्रमा भारतको सबैभन्दा लामो पुल अटल बिहारी वाजपेयी सेवारी-न्हवा शेवा अटल सेतुको उद्घाटन गरेका छन् । सो अवसरमा महाराष्ट्रका राज्यपाल रमेश बैस, मुख्यमन्त्री एकनाथ शिन्दे र उपमुख्यमन्त्री देवेन्द्र फडणविस पनि सहभागी थिए।

अटल सेतु भारतको सबैभन्दा लामो सामुद्रिक पुल पनि हो । यसले मुम्बई अन्तर्राष्ट्रिय विमानस्थल र नवी मुम्बई अन्तर र्राष्ट्रिय विमानस्थललाई छिटो कनेक्टिभिटी प्रदान गर्नेछ। साथै मुम्बईबाट पुणे, गोवा र दक्षिण भारतसम्मको यात्राको समयलाई पनि कम गर्नेछ । पुलको शिलान्यास पनि सन् २०१६ डिसेम्बरमा प्रधानमन्त्री मोदीले नै गरेका थिए।

अटल सेतुको निर्माण कूल १७ हजार आठ सय ४० करोड भारतीय रुपैयाँभन्दा धेरै लागतमा गरिएको हो। यो २१ दशमलव आठ किलोमिटर लामो र छ लेन भएको पुल हो। यसको लम्बाई समुद्रमाथि करिब १६ दशमलव पाँच किलोमिटर र जमिनमा करिब पाँच दशमलव पाँच किलोमिटर छ। यसबाट मुम्बई बन्दरगाह र जवाहरलाल नेहरु बन्दरगाहबीचको कनेक्टिभिटीमा पनि सुधार हुने बताइएको छ।

# उत्तरी गाजामा त्रासदीपूर्ण मानवीय अवस्था रहेको संयुक्त राष्ट्रका प्रवक्ताको भनाइ

सिन्ह्वा

संयुक्त राष्ट्र । संयुक्त राष्ट्रका प्रवक्ताले उत्तरी गाजामा अस्वभाविक रुपमा बिग्रँदै गएको मानवीय सङ्कटलाई प्रकाश पार्दै राहत कार्यमा अवरोधहरू खडा भएको बताएका छन्।

नियमित पत्रकार सम्मेलनमा संयुक्त राष्ट्रका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ता स्टेफेन डुजारिकले 'जनवरी १-१० बीचमा खाद्यान्न, औषधि, पानी र अन्य जीवन उपयोगी सहायता मात्रै वितरण भएको जनाएका छन् । गाजा शहरमा चिकित्सा आपूर्ति तथा गाजा शहर र उत्तरमा पानी र सरसफाइ सुविधालगायत इन्धन समावेश गरिएको छ। यसलाई इजरायली अधिकारीहरूले भने अस्वीकार गरेका थिए।



डुजारिकले हालको अवस्थालाई अघिल्लो महिनाहरूसँग तुलना गर्दै सहायता पहुँचमा उल्लेखनीय गिरावट रहेको उल्लेख गरे। गत वर्षको डिसेम्बरको दरको तुलनामा जनवरीमा अहिलेसम्म देखिएको पहुँच दरमा उल्लेखनीय ह्रास देखिएको उनको भनाइ छ । डिसेम्बरमा ७० प्रतिशतभन्दा बढि जनवरीको सुरुमा १४ प्रतिशतको दरमा गिरावट आएको उल्लेख उनले उल्लेख गरे। विविद अवरोधको मानवीय लागतलाई उजागर गर्दै, डुजारिकले हरेक दिन उत्तरी गाजामा रहेका लाखौं मानिसको ज्यान गुमाउने पीडामा मद्दत गर्न असमर्थ भएको उल्लेख गरेका छन्।

यसैगरी संयुक्त राष्ट्रसङ्घ आपतकालिन राहत संयोजक मार्टिन ग्रिफिथ्सले गाजाको स्वास्थ्य क्षेत्रको सामाजिक अवस्था चित्रण गर्दै गाजामा स्वास्थ्य क्षेत्र बिस्तारै निस्सासिएको बताएका छन्। त्यसको भयावह नतिजाबारे उल्लेख गर्दै उनले गर्भवती आमाले सुरक्षित रूपमा बच्चा जन्माउन नसक्ने, बालबालिकालाई खोप लगाउन नसक्ने, बिरामी तथा घाइतेले उपचार नपाउने अवस्थाको कारण मानिसको मृत्यु भइरहेको बताएका छन्।

युद्ध नियमको बाबजुत पनि मानवीय पक्षको दृष्टीकोणबाट कार्यकर्तासहित नागरिकको आवश्यक सुरक्षा गर्नु अत्यावश्यक रहेको उनले बताए।

# हमासका कमाण्डरसहित दर्जनौं लडाकू मारिएको इजरायली दावी



एएफपी

तेल अभिभ । गाजामा इजरायली हवाई आक्रमणमा हमासका दर्जनौं लडाकू मारिएका इजरायली रक्षा बलले शुक्रबार जनाएको छ।

दक्षिणी गाजाशहर खान युनिसमा इजरायली लडाकू विमानले हमासको सैन्य परिसरमा आक्रमण गर्दा सात हमास लडाकूको मृत्यु भएको छ।

मारिएकामध्ये अक्टोबर ७ मा गाजा क्षेत्रका समुदायहरूमा इजरायलीहरूको नरसंहारमा भाग लिएका भनिएका हमासको बौद्धिक नुखबा बलका कमाण्डर पनि रहेको बताइएको छ । इजरायली सेनाले खान युनिसमा रहेको एके-४७ राइफल र आरपीजी लञ्चर जफत गरी हतियार भण्डारण केन्द्र ध्वस्त पारेको छ।

सेनाले भनेको छ, "मध्य गाजा शहर मघाजीमा इजरायली स्थल सेनाले नुखबा फोर्स कमान्डरसहित करिब २० जना 'आतङ्ककारी'लाई मारेको छ।"

मगाजीको मध्य भागमा इजरायली सेनाले तीन जना सशस्त्र लडाकू हमासको सैन्य परिसरबाट बाहिर निस्केर आफूतिर अघि बढिरहेको देखेपछि आक्रमण गरेको थियो।

गत अक्टोबर ७ मा गाजाको सीमा नजिकै दक्षिणी इजरायलमा रहेको इजरायली समुदायमाथि हमासले गरेको आक्रमणमा परी कम्तीमा एक हजार १४० व्यक्तिको मृत्यु भएको इजरायली पक्षले पुष्टि गरेको थियो।

गाजामा हमासले बन्धक बनाएका पुरुष, महिला, बालबालिका, सैनिक र विदेशीको संख्या अहिले १३६ रहेको अनुमान गरिएको छ।

इजरायली अधिकारीहरूले शवहरूको पहिचान र मानव अवशेषहरूको खोजी जारी राखेको र उक्त दिनदेखि अहिलेसम्म अन्य केही व्यक्तिहरू पनि सम्पर्कमा नआएको बताएका छन्।

# माग बढेपछि कफी खेतीप्रति आकर्षण

बिराटनगर । कफी खेतीबाट राम्रो आम्दानी हुन थालेपछि परम्परागत खेतीलाई विस्थापन गर्दै मोरङ उत्तरी भेगका तीन पालिकाका बासिन्दा यसप्रति आकर्षित भएका छन् । पछिल्लो समय यहाँका तीन पालिकामा एकसय ५० हेक्टर जमिनमा कफी लगाइएको छ ।

उत्तरी भेगको लेटाङ नगरपालिका, मिक्लाजुङ गाउँपालिका र केराबारी गाउँपालिकामा पाँच वर्षअघिदेखि व्यावसायिक कफी खेती सुरु गरिएको थियो । मिक्लाजुङमा एक सय दश हेक्टर, लेटाङमा ३५ हेक्टर र केराबारीमा पाँच हेक्टर जमिनमा कफी लगाइएको कृषि ज्ञान केन्द्रले जनाएको छ । कफी खेती विस्तार कार्यक्रमअन्तर्गत रहेर किसानले कफी खेती लगाएका त्यहाँका प्रमुख रामदेव सिंहले बताउनुभयो । उनले भने, "किसानले उत्साहित भएर कफी खेतीमा लागेका र उनीहरूलाई कफी पकेट कार्यक्रमअन्तर्गत कफी सुकाउने, ग्रेडिङ गर्ने र धुलो बनाउने उपकरण चाहिएको छ ।"



लेटाङ बजारभन्दा १७ किलोमिटर उत्तर भोगटेनीका चन्द्र राईले पाँच वर्षअघि नजिकै रहेको साम्मा माविको जागिर छाडेर आफ्नो ५० रोपनी जमिनमा कफी खेती सुरु गर्नुभएको थियो । छँदा खाँदैको जागिर छाडेर खेतीमा लाग्दा सबै छक्क परेको सम्झँदै उनले भने, "हाल आफूसँगै गाउँका ९० परिवारले पनि कफी खेती रोजेका छन् । माग उच्च हुँदा पनि उत्पादन पुऱ्याउन सकिएको छैन । कफी खेती आम्दानीको राम्रो स्रोत बनेको छ ।"

प्रतिरोपनी वार्षिक रु एक लाख आम्दानी हुने उहाँको जिकिर थियो । "पाँच वर्षअघि लगाइएको कफीले यस वर्षदेखि उत्पादन दिन सुरु गरेको छ । "कफीको बिरुवाका लागि आफैं नर्सरी गरेर वितरणसमेत गर्ने गरेको छु, उत्पादित दाना सङ्कलन गरेर बजारीकरणमा सहयोग गरेको छु", कृषक राईले बाए, "काठमाडौं, पोखरालगायत ठूला सहरबाट माग आउने गरेको छ तर स्थानीय बजार इटहरी, विराटनगरलगायतमै पनि माग पुऱ्याउन सकिएको छैन ।"

नेपालमा अधिकांश अराविका जातको कफी लगाउने गरिएको छ। कफीको पाकेको दाना (चेरी) किसानबाट रु ९० प्रतिकिलो र प्रशोधन गरिएको (पार्चमेन) प्रतिकिलो रु पाँच सयदेखि रु पाँच सय ५० सम्ममा कारोबार हुने गरेको तर पूर्ण प्रशोधन वा धुलो बनाउन बाँकी रहेको कफी प्रतिकिलो रु एक हजार आठ सयका दरले होटलमा जाने गरेको छ। धुलो बनाउँदा प्रतिकिलो रु दुई हजार दुई सय ५० का दरले कफी बिक्री हुने गरेको छ ।

कृषक राईले जस्तै राजविक्रम राई र मिक्लाजुङका कविन्द्र चाम्लिङले पनि आफ्नो बारीमा व्यवसायीकरूपले कफी खेती गर्नुभएको छ । यसप्रति आफूहरु पूर्ण सन्तुष्टि रहेको राजविक्रमले बताउनुभयो । गत वर्षभन्दा यसपटक कफी अझ फस्टाएको उहाँको भनाइ थियो । "कफीबाट आर्थिक आम्दानी राम्रै हुन्छ भन्ने आशा छ", उनले भने, "हामी मकै, कोदो र गहुँखेती छाडेर कफी खेतीमा लाग्यौं । आर्थिक आम्दानीको तुलनामा परम्परागत कृषिभन्दा आधुनिक कृषि बढी लाभदायी हुन्छ ।" नेपालमा कफीको उत्पादन राम्रो मानिन्छ । मुख्यतः अरेविका जातको कफीले राम्रो उत्पादन दिन्छ। रासस

# पहिलो तीन महिनामा तीन दशमलव दुई प्रतिशतको आर्थिक वृद्धिदर

काठमाण्डु । चालु आर्थिक वर्ष २०८०/८१ को पहिलो तीन महिनामा गार्हस्थ्य उत्पादन (जिडिपी)मा तीन दशमलव दुई प्रतिशतले वृद्धि भएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको त्रैमासिक तथ्याङ्कानुसार जिडिपी वृद्धिदर खुम्चिएको हो ।




"आधारभूत मूल्यमा अघिल्लो आर्थिक वर्षको पहिलो तीन महिनाको तुलनामा चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा तीन दशमलव दुई प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान गरिएको छ", तथ्याङ्क कार्यालयले भनेको छ ।

उक्त कार्यालयका अनुसार चालु आवको पहिलो त्रैमासिक र गत आर्थिक वर्षको पहिलो त्रैमासिकबीच तुलना गर्दा सबैभन्दा बढी १५ दशमलव आठ प्रतिशतले खानी तथा उत्खननको कुल मूल्य अभिवृद्धि बढ्ने अनुमान गरिएको छ । यसैगरी, निर्माण क्षेत्रसँग प्रत्यक्ष आधारित हुने बालुवा, गिट्टी तथा ढुङ्गाको उत्खननको मूल्य अभिवृद्धि ११ दशमलव चार प्रतिशतले बढेको छ।

वित्तीय तथा बीमा क्षेत्रको कुल मूल्य अभिवृद्धिमा १३ दशमलव दुई प्रतिशतले हुने अनुमान गरिएको छ भने आवास तथा भोजन सेवा क्षेत्रमा ११ दशमलव सात प्रतिशतले वृद्धि हुने प्रारम्भिक अनुमान छ । चालु आवको पहिलो त्रैमासिक अवधिमा पर्यटक आगमनमा भएको उल्लेख्य वृद्धिले यस क्षेत्रमा सकारात्मक देखिएको छ । अर्थतन्त्रमा सबैभन्दा बढी योगदान रहेको कृषि, वन तथा मत्स्य क्षेत्रको वृद्धिदर एक दशमलव चार प्रतिशत हुने अनुमान गरिएको छ । धान उत्पादनमा भएको वृद्धिले पनि यस क्षेत्रको वृद्धिदरमा सकारात्मक प्रभाव पारेको तथ्याङ्क कार्यालयले जनाएको छ । थोक तथा खुद्रा व्यापार क्षेत्रको कुल मूल्य अभिवृद्धिमा अघिल्लो वर्षको पहिलो त्रैमासिक अवधिको भन्दा चालु आवको पहिलो त्रैमासिक अवधिमा एक दशमलव दुई प्रतिशतले कमी हुने प्रारम्भिक अनुमान छ। रासस

# अवैधानिक धान-चामलको आयात रोक्न व्यवसायीको माग

**टुडे समाचारदाता**

काठमाण्डु । उद्योगीहरूले धान चामलको अवैधानिक आयात बढेको गुनासो गरेका छन्।



नेपाल चामल, तेल, दाल उद्योग संघका पदाधिकारीहरूले अवैधानिक आयात बढेको तर वैधानिक आयात गर्न नपाएको गुनासो गरेका हुन्।

अहिले २५ केजीका दैनिक आठ हजार बोरा चामल भन्सार छलेर आएको आशंका चामल तेल दाल उद्योग संघका अध्यक्ष कुमुल दुगडको छ।

यसरी अवैधानिक ढंगले आयात हुँदा उद्योगहरू सञ्चालनमा भने समस्या देखिएको उनले बताए।

'अवैधानिक आयात निकै बढेको छ, यस्तो आयात रोकिएन भने उद्योग चलाउन समस्या पर्छ। वैधानिक आयात गर्नको लागि सरकारले पहल गरिदिनु पर्‍यो,' दुगडले भने।

सहरी क्षेत्रमा बढी मात्रामा प्रयोग गरीने मसिनो चामल भारतबाट नै आयात गर्नुपर्ने बाध्यता भएको उनीहरूले बताएका छन्। तर, भारतले गत वर्षदेखि चामलको वैधानिक आयात बन्द गरेको र धानको लागि नेपाललाई कोटा लगाएको छ।

कोटा लगाएको धानमा पनि शुल्क लगाएको र अन्य शर्तहरू पनि राखेको कारण धान आयात समस्या भएको उनीहरूले बताएका छन्।

गत आर्थिक वर्षमा भारतले नेपाललाई ६ लाख टन धान भन्सार छुटमा उपलब्ध गराएको थियो।

चालु वर्षमा भने धानमा भन्सार छुटसहितको कोटा उपलब्ध गराएको छैन। व्यवसायीहरूले धानमा गत वर्षको जस्तै भन्सार छुटको लागि पहल गर्न र कम्तीमा ६ लाख टन आयात खुलाउनको लागि आग्रह गरेका छन्।

उनीहरूले मसिनो चामलको लागि दुई महिनाको मात्रै मौज्दात रहेको भन्दै समयमा पहल गर्न सरकारलाई आग्रह गरेका छन्।

# काटिएका लाइन जोड्ने प्राधिकरण सञ्चालक समितिको निर्णय

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणले विगतमा डेडिकेटेड फिडर एवं ट्रङ्क लाइनबाट विद्युत् उपभोग गरेका तर त्यसबापतको प्रिमियम महसुल नतिरेका ग्राहकको विद्युत् आपूर्ति पुनः जोड्ने भएको छ ।




ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतको अध्यक्षतामा शुक्रबार बसेको प्राधिकरण सञ्चालक समितिको नौ सय ६० औं बैठकले मन्त्रिपरिषद्को निर्णयबमोजिम काटिएको विद्युत् लाइन जोड्ने निर्णय गरेको प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले रु पाँच करोडभन्दा बक्यौता भएका २४ वटा उद्योगको लाइन काटेको थियो । त्यसमध्ये हिमाल स्टिलले बक्यौता किस्ताबन्दीमा तिर्न सुरु गरेपछि लाइन जोडिएको थियो । सञ्चालक समितिले नेपाल सरकारबाट गठित जाँचबुझ आयोगबाट प्रतिवेदन पेश भई सरकारबाट निर्णय नभएसम्मका लागि लाइन काटिएका उद्योगको विद्युत् लाइन सञ्चालन गराउन प्राधिकरण व्यवस्थापनलाई निर्देशन दिएको थियो ।

मन्त्रिपरिषद्को मङ्गलबारको बैठकले प्राधिकरण र उद्योगीबीचको महसुल बक्यौताको विवाद समाधानका लागि सिफारिस गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा ऊर्जा, जलस्रोत तथा सिँचाइ सचिव गोपाल सिग्देल र उद्योग सचिव सदस्य रहेको जाँचबुझ आयोग अयोग गठन गरेको थियो ।

बैठकले आयोगबाट सिफारिस भई नेपाल सरकारबाट निर्णय नभएसम्मका लागि विद्युत् जडान गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमार्फत प्राधिकरणलाई निर्देशन दिएको थियो। मन्त्रालयले सोही निर्देशन कार्यान्वयन गर्न बिहीबार प्राधिकरणलाई पत्राचार गरेको थियो ।

राष्ट्रियसभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिको बिहीबारको बैठकमा प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिल्वालले सरकारको निर्देशनबमोजिम सञ्चालक समितिको बैठकले निर्णय गरेर काटिएका लाइन जोडिने बताउनुभएको थियो। रासस

# साताको सेयर समीक्षा: घट्न मानेन बजार, अन्य समूहमा उच्च वृद्धि

**टुडे समाचारदाता**

काठमाण्डु । अघिल्ला दुई सातासम्म घटेको बजार यो साता भने बढेको छ । 'करेक्सन'को रुपमा गत साता (१५-२० पुस) ०.९६ प्रतिशत र अघिल्लो साता (८-१३ पुस) १. ९४ प्रतिशतले बजार घटेको थियो । करेक्सनस्वरुप बजारको गिरावट केही बढ्न सक्ने अनुमानका बीच यो साता भने बजार बढेर बन्द भएको छ । यो साता सेयर बजारको परिसूचक नेप्से ३९ अंक बढेको छ ।

गत साता २०४९ अंकमा बन्द भएको नेप्से यो साता २०८८.९ अंकमा बन्द भयो । यो साता ५ दिन खुलेको बजार २ दिन घट्यो भने ३ दिन बढ्यो । आइतबार २६.३६ अंक घटेको बजार सोमबार ३६.५७ अंक बढ्यो । मंगलबार २०.६२ अंक बढेको बजार बुधबार ९.५ अंक बढ्यो भने अन्तिम कारोबार दिन बिहीबार जम्मा ०.६२ अंक घट्यो । समग्रमा यो साता नेप्से १.९४ प्रतिशतले बढेको छ ।

यो साताका बुधबार र बिहीबार कारोबार भइरहँदा नेप्से परिसूचकले पटक पटक २१ सय अंक नाघे पनि अन्ततः कारोबार बन्द हुँदा २१ सय माथि टिक्न सकेन । समग्रमा यो साता बजारले घट्न मानेन भने २१ सयमाथि टिक्न पनि सकेन ।

यो साता कारोबार रकम पनि उल्लेख्य देखिन्छ । आइतबार ५ अर्ब २४ करोड, सोमबार ४ अर्ब ६७ करोड, मंगलबार ६ अर्ब ११ करोड, बुधबार ५ अर्ब १३ करोड र बिहीबार ४ अर्ब ३० करोडको कारोबार भयो ।

समूहगत रुपमा हेर्दा यो साता अन्य, विकास बैंक, हाइड्रोपावर, फाइनान्स र माइक्रोफाइनान्समा उल्लेख्य वृद्धि देखिएको छ । अन्य समूह सबैभन्दा धेरै ५ प्रतिशत बढ्यो । निर्जीवन बीमा र उत्पादन समूह भने यो साता घट्न पुगे ।

# स्वास्थ्य बिमाबाट उपचार गराउँदा लक्षित वर्गले १० प्रतिशत रकम पनि तिर्नु नपर्ने




**टुडे समाचारदाता**

काठमाण्डु । स्वास्थ्य बिमाबाट सेवा लिँदा कुल खर्चको १० प्रतिशत रकम सेवाग्राहीले तिर्नुपर्ने नियम लक्षित वर्गलाई लागू नहुने भएको छ । स्वास्थ्य बिमा बोर्डले माघ १ गतेबाट लागू हुने भनिएको सो १० प्रतिशत सह-भुक्तानी लक्षित वर्गमा लागू नहुने जनाएको हो ।

बोर्डका अनुसार अति गरिबको परिचय प्राप्त परिवार, ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिक, अति अशक्त अपाङ्गताको परिचय पत्र पाएका अपाङ्ग (रातो कार्ड), एचआइभी एड्स सङ्क्रमित जटिल क्षयरोगका बिरामी, कुष्ठ रोगका बिरामी र महिला स्वास्थ्य स्वयंसेविकाले सो १० प्रतिशत सह-भुक्तानी दिन पर्दैन । २५ शय्या सम्मका सरकारी अस्पताल वा सेवा प्रदायक र प्राथमिक स्वास्थ्य केन्द्रमा सह-भुक्तानी लागू नहुने बोर्डले जनाएको छ ।

लक्षित वर्गबाहेकले बिमाबाट औषधि उपचार गराउँदा सह-भुक्तानी अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा सेवा लिएका सेवाग्राहीहरूले कुल खर्चको १० प्रतिशत सह-भुक्तानी गर्नु पर्नेछ । संघीय अस्पताल, २५ शय्या माथिका प्रदेश, प्रादेशिक अस्पताल, सबै निजी वा सामुदायिक अस्पतालहरूमा सह-भुक्तानीको व्यवस्था लागू हुने बोर्डले जनाएको छ ।

# एनसेलको ५० रूपैयाँ वा सोभन्दा माथिको रिचार्जमा दोब्बर बोनस

**टुडे समाचारदाता**

काठमाण्डु । एनसेलका ग्राहकले अब प्रत्येक ५० रूपैयाँ वा सोभन्दा माथिको रिचार्जमा एक हजार एमबीसम्मको बोनस डेटाबाट फाइदा लिन सक्छन्।

एनसेलले मंगलबारदेखि लागू हुने गरी 'झट्ट रिचार्ज फ्याट्ट बोनस' योजना अन्तर्गत प्रदान गरिँदै आएको डेटा बोनसको भोल्युम दोब्बर बनाएको छ।

यो अफरमा अब ग्राहकले प्रत्येक रिचार्जमा एक हजार एमबीसम्मको डेटा निःशुल्क प्राप्त गर्दछन्।

यसरी पाइने बोनस डेटा अल टाइम वा राति ११ बजेदेखि अर्को दिनको साँझ ६ बजेसम्म प्रयोग गर्न मिल्ने टाइम बेस डेटा भोल्युम हुन्छ। बोनस डेटा रिचार्ज गरिएको समयदेखि २४ घण्टासम्म मान्य रहनेछ। एनसेल सापटी मार्फत् प्राप्त ब्यालेन्स र ब्यालेन्स ट्रान्सफरको ब्यालेन्स बाहेक सबै तरिकाबाट गरिएको रिचार्जमा यो बोनस डेटा लागू हुन्छ।

यसअघि प्रत्येक रिचार्जमा ५०० एमबीसम्म डेटा पाइने गरी यो बोनस डेटा योजना मंसिर २५ बाट सञ्चालनमा ल्याइएको थियो। अब यसै योजना अन्तर्गत दोब्बर बोनस डेटा पाइने भएकाले यसले ग्राहकहरूलाई फाइदा हुने विश्वास एनसेलले लिएको छ।

# बिगमार्टले ल्यायो 'बिगमार्ट कार उपहार उत्सव'

**टुडे समाचारदाता**

काठमाण्डु । बिगमार्टले यस जाडो मौसमलाई मध्यनजर गर्दै 'बिगमार्ट कार उपहार' उत्सव ल्याएको छ।




यस उत्सव अन्तर्गत कम्पनीले माघ १ गतेदेखि फागुन १५ गतेसम्म हरेक सामानको खरिदमा आकर्षक छुट तथा उपहारहरूको व्यवस्था गरेको छ।

जसमा बम्पर पुरस्कार अन्तर्गत भाग्यशाली एक जना ग्राहकलाई टाटा टियागो कार, एक जाना भाग्यशाली ग्राहकलाई एउटा यमाहा रे-जेड स्कुटर, भाग्यशाली पाँच जना ग्राहकहरूलाई ५ वटा स्मार्टफोन, १० भाग्यशाली ग्राहकहरूलाई जनही पाँच हजार रूपैयाँ बराबरको किनमेल भौचर प्रदान गर्ने कम्पनीको भनाइ छ। साथै, ग्लोबल आईएमई बैंकको क्रेडिट कार्डमार्फत् बिल भुक्तानी गर्दा १० प्रतिशत (३०० रूपैयाँसम्म), एनसिएचएल नेपाल पे क्युआरमार्फत् भुक्तानी गर्दा १० प्रतिशत (१०० रूपैयाँ) र हरेक शनिबार र बुधबार फलफूल तथा तरकारीको खरिदमा स्मार्ट क्युआरमार्फत् बिल भुक्तानी गर्दा १५ प्रतिशत (१५० रूपैयाँ) सम्म तत्काल छुट प्राप्त गर्न सकिने कम्पनीको भनाइ छ।

प्रत्येक ७५० रूपैयाँ वा सो भन्दा बढीको खरिदमा पुरस्कारहरूको लागि लक्की ड्रमा प्रवेश गर्न सकिने कम्पनीले बताएको छ।

# शिवम् सिमेन्टले पारित गऱ्यो १५ प्रतिशत लाभांश

**टुडे समाचारदाता**

काठमाण्डु । शिवम् सिमेन्टको आठौं वार्षिक साधारण सभा सम्पन्न भएको छ।

उक्त सभाले आर्थिक वर्ष २०७९-८० सम्मको सञ्चित मुनाफाबाट सेयरधनीहरूलाई १५ प्रतिशतका दरले लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको छ। आर्थिक वर्ष २०७९-८० सम्मको सञ्चित मुनाफाबाट (सेयर प्रिमियम बापतको रकम यथावत रूपमा कम्पनीमा नै सञ्चित राखी) अन्य सञ्चित रकमबाट सेयरधनीलाई चुक्ता पुंजी ४ अर्ब ४० करोड रूपैयाँको १४.२५ प्रतिशतका दरले बोनस सेयर र ०.७५ प्रतिशतका दरले (कर प्रयोजनका लागि) नगद लाभांश सहित कुल १५ प्रतिशतका दरले लाभांश वितरण गर्ने प्रस्ताव समेत पारित गरेको छ।




हाल कम्पनीको अधिकृत पुँजी ७ अर्ब र जारी तथा चुक्ता पुँजी ४ अर्ब ४० करोड रूपैयाँ रहेकोमा १४.२५ प्रतिशतका दरले बोनस सेयर वितरण गरेपछि कम्पनीको जारी तथा चुक्ता पुँजीमा वृद्धि भई ५ अर्ब २ करोड ७० लाख रूपैयाँ कायम हुनेछ। शुक्रबार राष्ट्रिय सभागृह, प्रर्दशनी मार्ग, काठमाडौंमा सम्पन्न कम्पनीको आठौं साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष गौरव गोयलको अध्यक्षतामा बसेको हो।

# बम्जनको आश्रममा गएका छोरा ८ वर्षदेखि बेपत्ता



**टुडे समाचारदाता**

कलैया । जीतपुरसिमरा उपमहानगरपालिका-१८ का हस्तबहादुर आलेले २०७२ साल जेठ १६ गते छोरा सुरेश आलेलाई अन्तिमपटक राम बहादुर बम्जनको आश्रमका लागि घरबाट बिदाइ गरेका थिए।

बिदाइ गर्ने बेला छोराको हातमा हजार रुपैयाँको नोट राखेको हस्तबहादुरलाई अझै याद छ । बाराको हलखोरिया जङ्गलमा बम्जनको आश्रम थियो। सुरेश आले सो आश्रमस्थलमा २०६०/६१ सालदेखि आउजाउ गरिरहन्थे । बम्जनको आश्रममा सुरेशले बेलाबेलामा आफ्नो बुबाआमालाई पनि लग्थे ।

पछिल्लो पटक २०७२ साल वैशाख १२ गतेको भूकम्पछि सुरेश आलेले आश्रममा आउजाउ गर्न छोडेका थिए । सोही वर्ष जेठ १६ गते घरमा बिहानको खाना खाँदै गरेका आलेलाई बोलाउन छिमेकी जसबहादुर वाइवा आए । जसबहादुरसँगैसुरेशसिन्धुपाल्चोकस्थित बम्जनको आश्रमका लागि घरबाट निस्किए।

घरबाट निस्कने बेला ८० वर्षीय हजुरआमा सुकीमाया आलेले सुरेशलाई नजान अनुरोध गरेकी थिइन्, तर उनी रोकिएनन् । २०७२ साल जेठमा घरबाट निस्किएका आले सम्पर्कबिहीन भएको ८ वर्ष हुन लागेको छ । तर उनको कुनै अत्तोपत्तो छैन ।

घरमा बृद्ध हजुरआमा, बुबाआमासँगै आफन्तहरु आज पनि उनको बाटो हेरिरहेका छन् । मध्यम वर्गका आले घर छेउको निजी बोर्डिङ्ग स्कुलमा विज्ञान विषय पढाउँथे । फुर्सदको समय उनी खेतीपाती गर्ने, आफ्नै ट्याक्टर चलाउने काममसमेत गर्दथे । छोराले घरव्यवहार धानेर बसेकोमा हस्तबहादुर खुसी थिए ।

तर छिमेकी जसबहादुर वाइवाको सम्पर्कमा आएर रामबहादुर बम्जनको आश्रम स्थलमा आउजाउ गर्न थालेपछि उनले बोर्डिङ्ग स्कुलमा पढाउन छोडे । बम्जन १६ वर्षको हुँदा सुरेश आले २० वर्षका थिए । राम्रो अङ्ग्रेजी बोल्न जानेका कारण आश्रममा आउने विदेशीहरुसँग आलेको राम्रो सम्बन्ध थियो । बम्जनको बोधी श्रवण धर्म संघ नामक संस्थाको आले सचिवसमेत भएका थिए ।

तर, छोरा वर्ष दिनसम्म घर नफर्किएपछि हस्तबहादुर छोराको विषयमा बुझ्न् छिमेकी जसबहादुरलाई भेट्न गए । हस्तबहादुरले मेरो छोरा खै भनेर सोध्दा सुरुमा जसबहादुरले थाइल्याण्ड गएको छ भनेर जवाफ दिए । तर पछि प्रहरीसँगको बयानमा भने बम्जनको आश्रममा जिम्मा लगाएको र बाँकी कुरा आफूलाई थाहा नभएको उनले बताएका थिए ।

केही उपाय नलागेपछि हस्तबहादुर छोरा खोज्न ललितपुर, भैंसेपाटीमा रामबहादुर बम्जनको कार्यक्रमस्थल र उनको आश्रममा पुगे। 'हामीले रामबहादुर बम्जनलाई भेट्न धेरै पटक कोसिस गर्‍यौँ तर यस्ता त कति आए कति गए भनेर बम्जनको आश्रमस्थलबाट हामीलाई फर्काइदिए,' हस्तबहादुरले सुनाए, 'तर अहिले बम्जनलाई प्रहरीले प्रकाउ गरेको छ भन्ने सुनेको छु । अब बम्जनले मेरो छोरा कहाँ लगेर के गर्‍यो भनेर भन्ला, मलाई मेरो छोरा चाहियो ।'

हस्तबहादुरलाई ८ वर्षदेखि बेपत्ता छोरा जिउँदै छ कि भन्ने आशा छ । सीआईबीले बम्जनलाई पक्राउ गरेपछि आफ्नो छोराको बारेमा पनि केही पत्ता लाग्ने उनको विश्वास छ । 'अब सरकारले केही न केही गर्छ कि, मेरो छोराको विषयमा केही पत्ता लगाउँछ कि भन्ने आशा छ, मलाई मेरो छोराको श्वास चाहियो कि लास चाहियो,' उनले भने ।

८० वर्षीय सुकीमाया आले भने नातिलाई कसैले ठटाएर मारे कि भन्ने चिन्ता छ । 'एक्लै गएको, अहिले जेठमा ठ्याक्कै ८ वर्ष हुन्छ, फर्किएर आएको छैन, नागरिकता र मोबाइल पनि सँगै लगेको थियो, तर कहिल्यै फोन गरेन,' सुकीमायाले भनिन्, '८० वर्ष पुगिसकेँ, अझै पनि नाति आउँछ कि भनेर बाटो हेरिरहेको छु ।'

यता, सुरेश आलेकी आमा नन्दकुमारी आले भात खाएर चिसै हात जसबहादुर वाइवासँग घरबाट निस्किएको छोरा त्यसयता नफर्किएको बताउँछिन् । उनलाई छोरा फर्किन्छ कि भन्ने अझै आशा छ ।

'छिमेकमा गएका अरु सबै साथीहरु आए तर हाम्रो छोरा अझै फर्किएको छैन,' नन्दकुमारीले भनिन्, 'अझै पनि आउँछ कि भन्ने आशा छ ।' छोरोको विषयमा सोधीखोजी गर्न गएका सञ्चारकर्मीसामु हस्तबहादुरको परिवार रुँदै छोरोको खोजीमा सहयोग गरिदिन आग्रह गर्छन् ।

बारा, निजगढ स्थायी घर भएका बम्जन लामो समय हलखोरिया जङ्गलमा गुम्बा बनाएर बसेका थिए । बम्जन बारामा बस्दा हस्तबहादुरका छोरासँगै धेरै छिमेकी बम्जनको आश्रममा गएका थिए । तर बम्जनको आश्रममा पुगेका धेरै घर फर्किए पनि उनका छोरा भने फर्किएनन् । बम्जन पक्राउ परेपछि भने छोराको बारेमा पत्ता लाग्ने आश उनीहरुलाई छ ।

# सामाजिक सञ्जालको तरङ्ग

ब्लग :



श्यामसुन्दर शशि

लाख कमी कमजोरीका वावजुद पनि सामाजिक सञ्जाल अचेल सूचनाको वाहक बनेको छ । पत्र-पत्रिका, रेडियो-टेलिभिजन, अनलाईन-युट्युव जस्ता मूल प्रवाहका सञ्चार माध्यमहरु सम्पादकीय प्रक्रियामा जुटिई रहेकै वेला फेसबूक-ट्वीटर जस्ता सामाजिक सञ्जालहरुमा देश विदेशका ताजा खवर भाइरल भई सकेका हुन्छन् । सत्य हो कि भाइरल बनाइएका सूचनाहरुमा केही व्यक्तिग रुचिका, केही अरुलाई गाली गलोज गर्ने खालका र केही स्रोतविनाका हुन्छन् । तर अधिकांशले भने प्रारम्भिक सूचना( एफआईआर) भने जरुर दिएका हुन्छन् । यस अर्थमा सामाजिक सञ्जालले दिएको सूचनामाथि आशंका गर्न सकिए पनि यसको उपादेयतालाई अस्वीकार भने गर्न सकिदैन् । मुलुकमा घटेका ताजा घटना, सरकारी,अर्धसरकारी वा अडा-





अदालतहरुको निर्णय र आदेशमाथि आम नागरिकको प्रतिक्रिया, विचार तथा सुझाव सम्बन्धित निकायलाई पथ प्रदर्शन गर्न सक्छन् तर विरोधलाई गाली र विरोधीलाई व्यक्तिगत दुश्मन ठान्ने प्रवृतिले स्वतन्त्र विचारलाईलाई पनि अवज्ञा गरिन्छ ।

धार्मिक गुरु रामबहादुर बम्जम, राष्ट्रिय क्रकेट टिमका स्टार खेलाडी तथा पूर्व कप्तान संदीप लामिछाने तथा भीड नियन्त्रण गर्न प्रयोग हुने रबरको गोली सकिएकोले बुलेटको प्रयोग गरिएको प्रहरीको उच्च पदस्थ पदाधिकारीको वयान अचेल सामाजिक सञ्जालहरुमा भाइरल बनेको छ । यी घटनाहरु बारे आमजनले दिएका प्रतिक्रिया अत्यन्तै महत्वपूर्ण र विचारणीय छ ।

आफूलाई छोटे बुद्धको अवतार भन्ने, जंगलमै बस्छु भन्ने दाबी गर्ने अनि घरमा साढे ३ करोड नगद, विदेशी ब्राण्डका मोबाइलहरु, आइपैड, लैपटप, विदेशी साजो सामानजडित सुत्ने कोठा, शौचालय, जिम घरमा आलिशान जीवन बिताउने एउटा ल्याण्डक्रुजर खरिद गर्न ३ करोड रुपैयाँ शोरुमलाई बुझाई सकेका अनि ५ करोडमा अर्को खरिद गर्न बुक गरी सकेका धार्मिक गुरु बम्जममाथि एक किशोरीलाई बलात्कार गरेको आरोप छ । हत्या र यौन शोषनको मुद्दामा सर्लाही जिल्ला अदालतले उनलाई पक्राउ गर्ने आदेश सुनाए पछि, मुद्दा दर्ता भएको झण्डै ५ वर्षपछि उनी पक्राउ परे अनि जलेश्वर कारागार चलान गरिएको छ। तर, यतिका दिनसम्म उनी कहाँ थिए ? यतिका दिनसम्म प्रहरी के गरेर बसेका थिए ? धर्मगुरु भनाउँदासंग करोडौ रुपैयाँ कुन श्रोतबाट आयो ? सामाजिक सञ्जालमा अचेल भाईरल बनेका पोष्टहरु छन् । नियामक निकायले निजगढ नगरपालिका-१२ का स्थायी निवासी बम्जमलाई सर्लाही जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाउँने आदेशाअनुसार कारागार पठाएको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले मंगलबार साँझ बम्जनलाई बूढानीलकण्ठको हात्तिगौंडाबाट पक्राउ गर्न जाँदा आफूलाई साधु बताउने बम्जम झ्यालबाट हाम फालेर भाग्ने प्रयास गरेका थिए ।

अचेल सामाजिक सञ्जालमा भाइरल बनेको अर्को घटना हो, प्रतिभाशाली क्रिकेटर संदीप लामिछानेलाई ८ वर्षको कारावास र ५ लाख जरिवाना भराउँने सम्मानित काठमाण्डु जिल्ला अदालतको फैसला । यद्यपि अदालतको फैसला साक्षी र प्रमाणको आधारमा हुने हो तर अचेल सामाजिक संजालमा बिधि र प्रक्रियाबारे प्रश्न उठाउन थालिएको छ । नेपाली कांग्रेसका प्राज्ञिक नेताको रुपमा चिनिएका चन्द्र भण्डारीले आफ्नो फेसबुक वालमा लेख्नु भएको छ -' बलात्कार कुन अवस्थालाई मान्ने सम्बन्धका कानुनी व्याख्या आवश्यक छ । कस्तो अवस्थालाई प्रेम र कस्तो अवस्थालाई बलात्कार ? बलात्कार भनेको के हो ? अनि प्रेम बलात्कारमा परिणत हुन्छ हुदैन ? परिभाषाको आवश्यकता ।'

राजनीतिक दल, नेताहरु, राष्ट्रसेवकलगायतका सेवा प्रदायक निकायसंग आम नागरिक रिसाएका छन् । सम्बन्धित निकायले इमानदारीपूर्वक सेवा प्रदान नगरेको आवेग अचेल आक्रोशमा परिणत हुन थालेको छ । परिणामस्वरुप पछिल्लो पटक प्रहरी र आम नागरिक आमने-सामने उभिएका छन् । गत एक महिनामा झण्डै आधा दर्जन स्थानमा प्रहरी र आम नागरिक बीच भिडन्त भएको छ जसमा झण्डै आधा दर्जन सर्वसाधारणले ज्यान गुमाउनु परेको छ । धनुषाको हंसपुर नगरपालिका ५ सुगानिकासमा प्रहरी चौकीमाथि तोडफोड र आगजनी गरेको आरोपमा एक युवक प्रहरीको गोली लागी मृत्यु वरण गरे अर्को घाइते भए । काठमाण्डुमा विदेश जानु पर्ने जिद्दी गरि रहेका युवकहरुमाथि गोली चल्दा दुई युवक ठहरै भए । सर्लाहीको बरहथवामा स्वास्थ्य चौकी स्तरोन्नति गर्ने नगर्ने विवादमा प्रहरीले गोली चलाउदा एक युवकको मृत्यु भयो । यस अघि वाराको सिम्रौनगढमा पनि एक युवकको प्रहरीकै गोली लागी मृत्यु भएको थियो ।

आफ्ना निहत्था नागरिकमाथि तिनै नागरिकले तिरेको करबाट खरिद गरिएको गोली चल्दाको पीडा पीडित परिवारलाईमात्र थाहा हुन सक्छ । यद्यपि सरकारले अधिकांश घटनामा मृत्यु वरण गरेका व्यक्तिहरुका पीडित परिवारलाई १०लाखको दरले राहत दिएको छ । जन दवाव भएका स्थानमा शहीद पनि घोषणा गरेको छ । तर सामाजिक सञ्जालमा भाईरल बनेका सवालहरु यस्ता छन्- मृतक परिवारलाई राहत दिनु भनेको सरकारले गल्ती स्वीकार गरेको मान्ने कि नमान्ने ? भीड वा दंगा नियन्त्रण गर्न सुरक्षाकर्मीहरु बुलेट बोकेर होइन, गैर घातक हतियार बोकेर जानु पर्ने सुरक्षाविज्ञहरुको सुझाव छ। तर सरकारले गैर घातक हतियार अर्थात् रबरको गोली, पानीको फोहोराआदि खरिद गर्न आवश्यक वजेट उपलब्ध नगराएको अचेल सामाजिक सञ्जालमा भाइरल बन्न थालेको छ ।

अतः आम नागरिकको अभिमत अनुसार सरकार सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएका प्रधानमन्त्री जीले सामाजिक सञ्जालमा अभिव्यक्त टिप्पणी, विचार तथा सुझावलाई आत्मसात गर्नु पर्दछ भन्ने मेरो व्यक्तिगत राय छ ।

# मालपोतका चार कर्मचारी भ्रष्टाचारी ठहर

**अनिल तिवारी**

वीरगञ्ज । मालपोत कार्यालय पर्साका चार जना कर्मचारी भ्रष्टाचारी ठहर भएका छन् । राजश्व हिनामिना भ्रष्टाचार गरेको मुद्दामा उनीहरु दोषी ठहर भएका छन् । मालपोत कार्यालयका तत्कालीन दुई जना प्रमुख, एक नायब सुब्बा र एक जना लेखापाललाई अदालतले दोषी ठहर गरेको छ ।

मालपोत कार्यालय पर्साका तत्कालीन प्रमुख प्रकाश प्रसाद पोखरेल, गमबहादुर विश्वकर्मा, नायब सुब्बा मदनप्रसाद गुप्ता र लेखापाल नागेन्द्रप्रसाद चौधरीलाई विशेष अदालतले भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको छ ।

न्यायाधीश टेकनारायण कुँवर, नारायण सिंह राई र रितेन्द्र थापाको इजलाशले गएको बुधबार चारै जनालाई दोषी ठहर गरेको छ । अदालतले चारै जनालाई सजाय निर्धारणका लागि पेश गर्ने आदेश दिएको छ ।

मालपोत कार्यालयमा रकम हिनामिना गरी भ्रष्टाचार गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०७९ साल चैत २८ गते चारै जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गराएको थियो ।

अख्तियारले उनीहरुले मालपोत कार्यालयमा आर्थिक वर्ष २०७२/७३ मा जग्गा किनबेचका क्रममा विभिन्न लिखतबाट उठेको राजस्व रकम नियम अनुसार दाखिला नगरी हिनामिना गरेको पाइएको थियो । विभिन्न मितिमा जग्गा किनबेचको क्रममा उठाएको राजस्व रकम दाखिला नगरी हिनामिना गरी भ्रष्टाचारजन्य कसुरमा संलग्न रहेको पाइएको अख्तियारले जनाएको थियो ।

अख्तियारले तत्कालीन कार्यालय प्रमुख प्रकाशप्रसाद पोखरेलविरुद्ध ९३ लाख ६६ हजार २०९, तत्कालीन कार्यालय प्रमुख गमबहादुर विश्वकर्माविरुद्ध एक लाख ४१ हजार ८२५ रुपैया बिगो माग गर्दै मुद्दा दायर गराएको थियो ।

यसैगरि कार्यालयका तत्कालीन नायवसुब्बा मदन प्रसाद गुप्ता र तत्कालीन लेखापाल नागेन्द्रप्रसाद चौधरीविरुद्ध जनही ९५ लाख ८ हजार ३४ रुपैयाँ बिगो माग गरिएको थियो।

# राजा सहितको हिन्दू राष्ट्रको पक्षमा शक्ति प्रर्दशन

**टुडे समाचारदाता**

राजविराज । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सप्तरीले नेपाल एकीकरण अभियानका नेतृत्वकर्ता पृथ्वी नारायण शाहको ३०२ औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा श्रद्धाञ्जली अर्पण पश्चात शुक्रवार राजा सहितको हिन्दू राष्ट्र माग्दै शक्ति प्रर्दशन गरेको छ ।

स्थानीय शिव मन्दिरमा उल्लेख्य संख्यामा भेला भएका राप्रपाका नेता/कार्यकर्ता र सर्मथकले सोही स्थानमा पृथ्वी नारायण शाहको ३०२ औं जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसको कार्यक्रम गरी उनी प्रति श्रद्धा सुमन अर्पण पश्चात नगरपरिक्रमा गरी शक्ति प्रर्दशन गरेका थिए ।

प्रर्दशनमा राप्रपाका नेता/कार्यकर्ताका साथै स्थानीयको उल्लेख्य सहभागिता रहेको थियो । जसमा अधिकाँश महिला सहभागी थिए । नगर परिक्रमाका क्रममा सहभाागिहरुले संबैधानिक राजतन्त्र सहितको हिन्दू राष्ट्रको पक्षमा तथा संघीयता र धर्म निरपेक्षताको विपक्षमा चर्को नाराबाजी गरेका थिए ।

सप्तरीमा एक वर्ष यता पहिलो पटक राप्रपाको झण्डा मुनी यस्तो जुलुस निकालिएको छ । राप्रपाको केन्द्र, प्रदेश र जिल्लाका नेताहरु संगै स्थानीय कार्यकता र समर्थक समेतको व्यापक सहभागिता भएको प्रर्दशनले मनोबल उच्च बनाएको कार्यक्रमका सहभागिहरुले बताए ।

स्थानीय शिव मन्दिरबाट निस्केको जुलुस नगर परिक्रमा गर्दै पुनः सोही स्थानमा पुगी सभामा परिणत भएको थियो । सभाका सहभागि वक्ताहरुले पृथ्वी नारायण शाहको दिब्योपदेश आज पनि उत्तिकै लोकप्रिय र सार्न्दभिक रहेको बताउदै उनको विचार र चिन्तनको जगमा राप्रपा अघि बढिरहेको बताए ।



उनीहरुले मुलुक जोगाउन संवैधानिक हिन्दू राष्ट्र आजको प्रमुख आवश्यक्ता रहेको बताउदै यसका लागि जनता जागि सकेको र चाडै मुलुकले सो लक्ष्य प्राप्त गर्ने दाबी गरे । राप्रपाका जिल्ला अध्यक्ष उम्मदेश्वर प्रसाद साहको अध्यक्षतामा आयोजित सभामा प्रमुख अतिथी राप्रपाका तराई-मधेश संगठन विभाग प्रमुख राम प्रताप साह"भोला", केन्द्रीय सदस्य जया महतो, नयन बहादुर मोक्तान, प्रदेश कमिटी सदस्य विनोद पाण्डे, नगर अध्यक्ष दिगम्बर साह, जिल्ला सचिव बलराम शर्मा, सह सचिव सुरेन्द्रं कुमार साह "सुरेश",इतिहास विद एवं पूर्व प्रध्यापक कमल प्रसाद दास, बरिष्ठ नेता कृपानन्द झा लगायतले शाहको योगदानको चर्चा गर्दै मुलुक जोगाउन राजा सहितको हिन्दू राष्ट्र कायम गर्नुको कुनै विकल्प नरहेको बताएका थिए ।

# यौन विकृति बन्द गरिने कडा कदम चाल्ने



**टुडे समाचारदाता**

जनकपुरधाम । होटल तथा गेष्ट हाउसको आडमा हुने गरेको यौन विकृति रोक्न धनुषाको मिथिला नगरपालिकाले कडा कदम चाल्ने भएको छ ।

होटलमा महिला कामदार राख्ने तथा गेष्ट हाउसमा कोठा उपलब्ध गराएर यौन व्यवसाय सञ्चालन हुने गरेको जनगुनासो बढेपछि नगरपालिकाले त्यसलाई नियन्त्रण गर्न कडा कदम चाल्न लागेको छ ।

नगरस्तरीय सुरक्षा संयन्त्रको बसेको बैठकले होटल, गेष्टहाउस र डान्सबारको आडमा अवैध यौनजन्य गतिविधिलाई नियन्त्रण गर्ने निर्णय भएको मिथिला नगरपालिकाका नगरप्रमुख महेन्द्र महतोले बताए ।

उनले अनुगमन गरी विकृतिजन्य क्रियाकलाप सञ्चालनमा सक्रिय रहेको पाइएमा त्यस्ता होटल तथा गेष्ट हाउसलाई कानुनअनुसारको कारबाहीका लागि सम्बन्धित निकायमा पठाउने निर्णय भएको उनले जानकारी दिए ।

उनले होटल खोलेर यौन विकृति फैलाउन व्यवसायीसँगै विकृति फैलाउने गरी होटललाई भाडा दिने घरधनीलाई पनि कारवाही गरिने बताए ।

नगर क्षेत्रमा यौन विकृति बढेको भन्दै त्यसलाई निर्मूल पार्न स्थानीयले नगरप्रमुख, इलाका प्रहरी कार्यालय र वडा कार्यालयमा ज्ञापनपत्र बुझाएका थिए । यौन विकृतिले गाउँ समाजमा नराम्रो असर परेकाले तत्कालै बन्द गराउन स्थानीयले माग गरेको ज्ञापनपत्रमा उल्लेख छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८